सुदूरपश्चिम प्रदेशको
आर्थिक गतिविधि अध्ययन
वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०८२/८३)

सुदूरपश्चिम प्रदेश

नेपाल राष्ट्र बैंक
धनगढी कार्यालय
२०८३ कात्तिक

प्राक्कथन

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा १२ अनुसार बैङ्कले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्राप्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने कार्य गर्दै आएको छ । त्यसैगरी ऐनको दफा १० को उपदफा ३ अनुसार नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले यस बैंङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक तथ्याङ्क उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ । साथै, नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीति तर्जुमा तथा कार्यान्वयन गर्न वास्तविक क्षेत्रसँग सम्वन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण गर्दछ ।

यस बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३ सहित)" को आधारमा यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत सुदूरपश्चिम प्रदेशका ९ जिल्लामध्ये तराई क्षेत्रमा पर्ने कैलाली र कञ्चनपुर, पहाडी क्षेत्रमा पर्ने डोटी, डडेल्धुरा, अछाम र बैतडी तथा हिमाली क्षेत्रमा पर्ने दार्चुला, बझाङ र बाजुरा जिल्लामा स्थलगत तथा गैह्रस्थलगत सर्वेक्षण गरिएको छ । सो सर्वेक्षण तथा अन्तरक्रिया एवम् प्राप्त जानकारीको आधारमा कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय, मन्त्रालयहरु एवम् सम्बन्धित परियोजना/उद्योग/प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा संकलन गरिएको तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी विगत वर्षहरुमा जस्तै आर्थिक वर्ष २०८२/८३ को सुदूरपश्चिम प्रदेशको वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत समस्या/चुनौती तथा आगामी अवधिको क्षेत्रगत परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्क तथा सूचनाहरु समयमै उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, मन्त्रालयहरु एवम् विभिन्न परियोजना/उद्योग/प्रतिष्ठान, सरोकारवाला निकाय तथा निजी क्षेत्रका संस्थाहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी प्रतिवेदन तयारीमा संलग्न हुनुहुने नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयका उपनिर्देशक श्री झकेन्द्र बहादुर शाही, सहायक निर्देशकहरु श्री भोजराज भट्ट, श्री तुलसा ओझा र श्री भोला रावल तथा प्रधान सहायक श्री सहदेव भट्टराईलाई धन्यवाद दिन चाहन्छु ।

मोहन पुडासैनी
निर्देशक

विषय-सूची

पेज नं.

सारांश

परिच्छेद १: अध्ययन परिचय १

१.१ पृष्ठभूमि १

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन १

१.३ अध्ययनको सीमा २

१.४ अध्ययन प्रतिवेदनको ढाँचा २

परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति ३

२.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा ३

२.२ अन्तर प्रदेश तुलना ३

२.३ प्रादेशिक चुनौती तथा सम्भावना ५

परिच्छेद ३: कृषि क्षेत्र ७

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र ७

३.२ कृषि उत्पादन ८

३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन १०

३.४ सिँचाइ ११

३.५ क्षेत्रगत कृषि कर्जा १२

३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना १२

परिच्छेद ४: उद्योग क्षेत्र १४

४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी १४

४.२ औद्योगिक कर्जा १६

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना १७

परिच्छेद ५: सेवा क्षेत्र १९

५.१ पर्यटन १९

५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट १९

५.३ वित्तीय सेवा २०

५.४ फण्ड ट्रान्सफर (तोडा चलान) २३

५.५ यातायात तथा सञ्चार २३

५.६ शिक्षा तथा स्वास्थ्य २४

५.७ सेवा क्षेत्र कर्जा २५

५.८ सहकारी २५

५.९ सेवा क्षेत्रको चुनौती र सम्भावना २६

परिच्छेद ६: पूर्वाधार र रोजगारी २८

६.१ पूर्वाधार क्षेत्र २८

६.२ प्रदेशका ठुला परियोजनाहरुको स्थिति २८

६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति ३०

६.४ रोजगारी ३१

६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना ३२

परिच्छेद ७: प्रादेशिक वित्त स्थिति ३३

७.१ सुदूरपश्चिम प्रदेशको सरकारी वित्त स्थिति ३३

७.२ स्थानीय तहहरुको वित्त स्थिति ३३

परिच्छेद ८: आर्थिक परिदृष्य ३५

७.१ कृषि क्षेत्र ३५

७.२ औद्योगिक क्षेत्र ३५

७.३ सेवा क्षेत्र ३५

७.४ पूर्वाधार क्षेत्र ३६

तालिका सूची

शीर्षक **पेज नं.**

तालिका २.१:	प्रादेशिक आर्थिक परिसूचकहरु (आर्थिक वर्ष २०८२/८३)	४
तालिका ३.१:	आर्थिक वर्ष २०८२/८३ मा कृषि उपजले ढाकेको भू-क्षेत्र (हेक्टरमा)	८
तालिका ३.२:	आर्थिक वर्ष २०८२/८३ मा प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन (मेट्रिक टनमा)	९
तालिका ३.३:	आर्थिक वर्ष २०८२/८३ मा प्रमुख पशुपंक्षीजन्य उत्पादन	११
तालिका ३.४:	जिल्लागत कृषि कर्जा (२०८३ असार मसान्त)	१२
तालिका ४.१:	सुदूरपश्चिम प्रदेशमा दर्ता भएका उद्योग (लगानी र पुँजी रु.करोडमा)	१६
तालिका ४.२:	जिल्लागत औद्योगिक कर्जा प्रवाह (२०८३ असार मसान्त)	१७
तालिका ५.१:	बैंक तथा वित्तीय संस्थाका शाखाको जिल्लागत उपस्थिति (२०८३ असार मसान्त)	२१
तालिका ५.२:	जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (रु.दश लाखमा)	२२
तालिका ५.३:	वार्षिक रुपमा दर्ता भएका यातायात साधनको संख्या	२३
तालिका ५.४:	सञ्चार सुविधा	२४
तालिका ५.५:	शैक्षिक तथ्याङ्क	२४
तालिका ५.६:	स्वास्थ्य तथ्याङ्क	२५
तालिका ५.७:	सेवा क्षेत्रमा प्रवाह भएको कर्जाको जिल्लागत हिस्सा	२५
तालिका ५.८:	नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिति	२६
तालिका ६.१:	प्रदेशबाट निर्माण गरिएको सडक (कि.मि.) को विवरण	२८
तलिका ६.२:	प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण	३१
तालिका ६.३:	प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था	३२
तालिका ७.१	सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण	३३
तालिका ७.२:	स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु.अर्बमा)	३४
तालिका ७.३:	आ.व.२०८२/८३ मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा)	३४

चार्ट सूची

शीर्षक		पेज नं.
चार्ट २.१	बृहत आर्थिक क्षेत्र अनुसार योगदान (प्रतिशत)	३
चार्ट २.२	प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)	४
चार्ट ३.१	प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)	७
चार्ट ३.२	प्रमुख कृषि बालीको उत्पादन (हजार मेट्रिक टनमा)	८
चार्ट ३.३	प्रमुख खाद्य बाली तथा अन्य कृषि उत्पादनको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा)	१०
चार्ट ३.४	सिँचाइ क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)	११
चार्ट ४.१	प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग	१४
चार्ट ४.२	औद्योगिक कर्जा प्रवाह (रु.दश लाखमा)	१६
चार्ट ५.१	घरजग्गा कारोबारको अवस्था	१९
चार्ट ५.२	निक्षेप तथा कर्जाको अवस्था (रु.अर्बमा)	२१
चार्ट ५.३	निक्षेपकर्ता तथा ऋणीहरुको संख्या	२२
चार्ट ५.४	जिल्लागत फण्ड ट्रान्सफरको अवस्था (रु.करोडमा)	२३

सारांश

समष्टिगत स्थितिः

१. राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ३.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान छ। आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर ४.४३ प्रतिशत रहेको संशोधित अनुमान छ।

२. आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.०३ प्रतिशत, १४.१६ प्रतिशत र ६१.८१ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

३. आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ४ खर्व ६३ अर्ब र आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.२८ प्रतिशत र आधारभूत मूल्यमा २.७१ प्रतिशत रहने अनुमान गरिएको छ भने आधारभूत मूल्यमा प्रदेशको प्राथमिक क्षेत्रको वृद्धिदर २.८ प्रतिशत, द्वितीय क्षेत्रको वृद्धिदर २ प्रतिशत र तृतीय क्षेत्रको वृद्धिदर २.९ प्रतिशत रहने अनुमान गरेको छ।

कृषि

४. समीक्षा वर्षमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको भू-क्षेत्र २.११ प्रतिशतले ह्रास आएको छ भने यस्ता बालीको उत्पादन ०.८२ प्रतिशतले वृद्धि भएको छ।

५. समीक्षा वर्षमा प्रमुख खाद्य तथा अन्य बालीमध्ये सबैभन्दा बढी दलहन, तेलहन र भटमासको उत्पादन क्रमशः ११.८६ प्रतिशत, ९.५२ प्रतिशत र ९.५२ प्रतिशतले वृद्धि भएको छ भने फापर र जौंको उत्पादनमा क्रमशः ६३.२४ प्रतिशत र ३२.०१ प्रतिशतले ह्रास आएको छ।

६. पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन ११.०३ प्रतिशत, मासुजन्य उत्पादन ६.९१ प्रतिशत, उन उत्पादन ५.८० प्रतिशत, अण्डा उत्पादन २.२४ प्रतिशत, छाला ०.८० प्रतिशत र माछा ०.७६ प्रतिशतले बढेको छ।

७. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको ९.५६ प्रतिशत हिस्सा कृषि क्षेत्रमा प्रवाहित भएको छ। २०८३ असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा कृषिमा प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा २.१३ प्रतिशतले ह्रास भई रु. १५ अर्ब ६२ करोड ४४ लाख पुगेको छ।

उद्योग

८. समीक्षा वर्षमा प्रदेशका अध्ययन नमुनामा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५१.२९ प्रतिशत रहेको छ।

९. समीक्षा वर्षमा अध्ययन नमुनामा समेटिएका उद्योगहरुमध्ये अधिकाशं उद्योगहरुको उत्पादनमा वृद्धि भएको देखिन्छ भने कंक्रीट, साबुन तथा जि.आई. तारको उत्पादनमा भने ह्रास आएको देखिन्छ।

१०. समीक्षा वर्षको अन्त्यसम्ममा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १६.९६ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाहित भएको छ भने उक्त क्षेत्रमा प्रवाह भएको कर्जा २०८२ असारमसान्तको तुलनामा ३.७२ प्रतिशतले वृद्धी भई रु.२७ अर्ब ७१ करोड ५१ लाख पुगेको छ।

सेवा

११. समीक्षा अवधिमा नमुनाको रुपमा छनौट गरिएका ११ होटलहरुको औसत अकुपेन्सी ३४.६९ प्रतिशत रहेको छ।

१२. समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या ११.४१ प्रतिशतले बढेको छ भने रजिष्ट्रेशन राजस्व १७.२९ प्रतिशतले वृद्धि भएको छ।

१३. २०८३ असार मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८२ असार मसान्तको तुलनामा १८.५६ प्रतिशतले बढेको छ भने कर्जा प्रवाह ३.८२ प्रतिशतले वृद्धि भएको छ।

१४. समीक्षा वर्षमा यातायात साधनको दर्ता संख्या अघिल्लो आर्थिक बर्षको तुलनामा ५.३३ प्रतिशतले वृद्धि भएको छ।

१५. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको ७३.४८ हिस्सा सेवा क्षेत्रमा प्रवाहित भएको छ।

पूर्वाधार र रोजगारी

१६. २०८२ फागुनसम्ममा यस प्रदेशका विभिन्न जलविद्युत आयोजनाहरुबाट कुल १६९ मेगावाट विद्युत उत्पादन भएको छ।

१७. आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशबाट जम्मा ६२ हजार ७ सय ३६ जनाले जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्।

प्रादेशिक वित्त स्थिति

१८. आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेश सरकारले कुल रु.३३ अर्ब ४७ करोड बजेट विनियोजन गरेकोमा कुल विनियोजनको ६१.९४ प्रतिशत २० अर्ब ७३ करोड खर्च भएको छ।

१९. सुदूरपश्चिम प्रदेश सरकारको चालु खर्चतर्फ विनियोजन भएको बजेटमध्ये समीक्षा वर्षमा ६७.०८ प्रतिशत खर्च भएको छ भने पुंजीगत खर्चतर्फ विनियोजन भएको बजेट मध्ये ५८.४० प्रतिशत खर्च भएको छ।

परिच्छेद १: अध्ययन परिचय

१.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले आर्थिक, वित्तीय र मौद्रिक नीति निर्माणको लागि आवश्यक सहयोग पुऱ्याउने उद्देश्यले मूल्य स्थिति, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, कर्जा विस्तार तथा विदेशी विनिमयजस्ता विषयमा तथ्याङ्क सङ्कलन, प्रशोधन गरी विभिन्न प्रकारका तथ्यपरक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै आएको छ । यसै क्रममा बैंकले मुलुकको वास्तविक क्षेत्रको स्थितिको विश्लेषण, सम्भावना र चुनौतिको पहिचान र सम्बन्धित क्षेत्रको परिदृश्य समेत समावेश हुने आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस्तो प्रतिवेदन अर्ध-वार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ । अर्ध-वार्षिक प्रतिवेदन आर्थिक वर्षको पहिलो ६ महिना (साउनदेखि पुससम्म) को तथ्याङ्क तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ भने वार्षिक प्रतिवेदन वार्षिक तथ्याङ्क तथा विवरणको आधारमा तर्जुमा हुने गरेको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी, प्रदेश र स्थानीय सरकारको वित्त स्थिति तथा परिदृश्य समावेश हुने गरेको छ ।

प्रस्तुत सुदूरपश्चिम प्रदेशको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनमा यस प्रदेशका दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, बझाङ, बाजुरा, अछाम, डोटी र कैलाली गरी कुल ९ वटा जिल्लाहरुको २०८२ साउनदेखि २०८३ असार मसान्तसम्मको तथ्याङ्क एवम् विवरणको आधारमा तयार गरिएको छ ।

१.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

१. सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ । साथै, यस अध्ययन प्रतिवेदनमा प्रदेशको पहिलो केबलकारको रुपमा निर्माणाधिन जाल्पा देवी केबलकार र चुरे कैलालीस्थित द अर्गानिक भ्याली प्रा.लि. अदुवा प्रशोधन केन्द्रको समेत अध्ययन गरी संलग्न गरिएको छ ।

२. नेपाल राष्ट्र बैंकको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संशोधन, २०८३ सहित)" को आधारमा सुदूरपश्चिम प्रदेशका सबै जिल्लाका सम्बन्धित निकायहरुबाट स्थलगत र गैर-स्थलगत माध्यमबाट प्राप्त तथ्याङ्कको प्रशोधन र विश्लेषण, सरोकारवाला निकाय तथा विषय विज्ञसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी तथा सुझावका आधारमा यो अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

३. प्रतिवेदनमा राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत हिस्सा र अन्य प्रदेशसँगको तुलनात्मक स्थिति सम्बन्धी तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयबाट, कृषि सम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र र कृषि विकास निर्देशनालयबाट, पशुपंक्षी सम्बन्धी तथ्याङ्क भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट, सिँचाइ सम्बन्धी तथ्याङ्क जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयबाट संकलन गरिएको छ । यसैगरी शिक्षा क्षेत्रको तथ्याङ्क शिक्षा विकास तथा समन्वय इकाई, विश्वविद्यालय तथा प्राविधिक शिक्षालयबाट लिईएको छ भने स्वास्थ्य क्षेत्रको तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयबाट लिईएको छ । यसैगरी विद्युत पहुँचको तथ्याङ्क प्रादेशिक विद्युत प्राधिकरण कार्यालयबाट लिईएको छ । उल्लेखित विभिन्न निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाइ, पशुपछी माछा तथा वनजन्य उत्पादन, शिक्षा, स्वास्थ्य, विद्युत लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

४. औद्योगिक उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमुना छनौटमा परेका १४ वटा उद्योगहरुको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । बैंकिङ क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा,

निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क यस बैंकको बैक तथा वित्तीय संस्था नियमन विभाग र बैक सुपरिवेक्षण विभागको Supervisory Information System (SIS) बाट लिइएको छ।

५. सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमुना छनौटमा परेका ११ वटा होटलहरुबाट स्थलगत तथा गैर-स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ। घर/भवन स्थायी नक्सा पास तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट र घर जग्गा रजिष्ट्रेशन/राजस्व सम्बन्धी तथ्याङ्क मालपोत कार्यालयहरुबाट लिइएको छ। यातायाततर्फ, सवारीसाधन संख्या सम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयबाट लिइएको छ। सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका ९ वटा जिल्लाहरुबाट १० बचत तथा ऋण सहकारी संस्थाहरुको नमुना छनौट गरी विवरण संकलन गरिएको छ। साथै, यस प्रदेशमा रहेका ५ वटा ठुला नगरपालिकाहरुको वार्षिक आय/व्यय (बजेट) को कार्यान्वयनको स्थिति समेत प्रस्तुत गरिएको छ।

६. पूर्वाधार क्षेत्र अर्न्तगत यस प्रदेशमा रहेका राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सम्बन्धी विवरण यस प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय तथा जिल्लास्थित पूर्वाधार कार्यालयहरुबाट लिइएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेबसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ। तथ्याङ्कको विश्लेषणको लागि व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने संक्षिप्त रुपमा वर्षभरि भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ।

१.३ अध्ययनको सीमा

१. देश प्रादेशिक संरचनामा गईसकेपश्चात तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुर्नसंरचना भएको तथा तथ्याङ्क संगठित तथा सु-व्यवस्थित गर्ने कार्य हालसम्म पनि जारी रहेकोले कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन। तथ्याङ्क प्रदायक केही निकायहरुबाट समयमै तथ्याङ्क प्राप्त गर्न कठिनाई हुने गरेको।

२. सेवा क्षेत्र अर्न्तगत पर्यटन सम्बन्धी तथ्याङ्कको हकमा यस क्षेत्रमा रहेका नमुना छनौटमा परेका होटलहरुबाट पर्यटक सम्बन्धी उपलब्ध सीमित तथ्याङ्क (पर्यटक आगमन संख्या विवरण) को आधारमा विश्लेषण गरिएको छ। साथै, सहकारीको हकमा समेत नमुना छनौटमा परेका सहकारीहरुबाट प्राप्त सीमित तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ।

३. औद्योगिक क्षेत्रको अध्ययन तथा विश्लेषण नमुना छनौटमा परेका उद्योगहरुबाट उपलब्ध सीमित तथ्याङ्कको आधारमा गरिएको छ।

१.४ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (दोस्रो संसोधन २०८३ सहित) बमोजिम निर्देशित ढाँचामा तयार गरिएको छ। यस प्रतिवेदनमा जम्मा ८ परिच्छेद रहेका छन्। परिच्छेद १ मा अध्ययन परिचय प्रस्तुत गर्दै प्रतिवेदन तर्जुमाको विधि र संरचनाको बारेमा उल्लेख गरिएको छ भने परिच्छेद २ मा सुदूरपश्चिम प्रदेशको अन्य प्रदेशसँग तुलनात्मक स्थिति र राष्ट्रिय अर्थतन्त्रमा प्रदेशगत योगदान प्रस्तुत गरिएको छ। त्यसैगरी, परिच्छेद ३ मा कृषि क्षेत्र, परिच्छेद ४ मा उद्योग क्षेत्र, परिच्छेद ५ मा सेवा क्षेत्र र परिच्छेद ६ मा पूर्वाधार र रोजगारीको विवरण समावेश गरिएको छ। परिच्छेद ७ मा प्रादेशिक वित्त स्थितिका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद ८ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ।

परिच्छेद २: प्रदेशको तुलनात्मक स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा नेपालको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.६६ खर्ब पुग्ने र आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.८५ प्रतिशत रहने प्रारम्भिक अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.४६ प्रतिशत, १३.७३ प्रतिशत र ६१.८१ प्रतिशत रहने अनुमान छ। अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा प्रायः स्थिर रहेको देखिन्छ।

चार्ट २.१ : बृहत आर्थिक क्षेत्र अनुसार योगदान (प्रतिशत)



स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय।

२.१ राष्ट्रिय अर्थतन्त्रमा सुदूरपश्चिम प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु. ४ खर्ब ६४ अर्ब पुग्ने अनुमान गरिएको छ भने गत आ.व. मा करिब ४ खर्ब ४१ अर्ब हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर ३.२१ प्रतिशत हुने संशोधित अनुमान रहेको छ भने आर्थिक वर्ष २०८२/८३ मा वृद्धि भई ३.२८ प्रतिशत कायम रहने अनुमान गरिएको छ। यस प्रदेशले आर्थिक वर्ष २०८२/८३ मा देशको कुल गार्हस्थ्य उत्पादनमा ७.०३ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ।

बृहत औद्योगिक वर्गीकरण अनुसार प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी ३३.४३ प्रतिशत योगदान कृषि, वन तथा मत्स्यपालन क्षेत्रको र सबैभन्दा कम ०.१३ प्रतिशत योगदान प्रशासनिक तथा सहयोगी सेवा क्षेत्रको रहने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८१/८२ मा पनि कृषि, वन तथा मत्स्य क्षेत्रको योगदान अग्रस्थान (३३.५३ प्रतिशत) र प्रशासनिक तथा सहयोगी क्षेत्रको योगदान अन्तिम स्थान (०.१३ प्रतिशत) मा हुने संशोधित अनुमान गरिएको छ।

२.२ अन्तर प्रदेश तुलना

(क) कुल गार्हस्थ्य उत्पादनः

आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.६६ खर्ब अनुमान गरिएकोमा ३६.७१ प्रतिशत योगदान सहित सबैभन्दा बढी बागमती प्रदेशको रु. २४ खर्ब २३ अर्ब हुने अनुमान गरिएको छ भने

सबैभन्दा कम हिस्सा ४.२० प्रतिशतको योगदान सहित कर्णाली प्रदेशको करिब रु. २ खर्ब ७७ अर्ब हुने अनुमान गरिएको छ । आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेश पछि कुल गार्हस्थ्य उत्पादनमा बढी योगदान पुऱ्याउने प्रदेशहरूमा क्रमश: कोशी (१५.८० प्रतिशत), लुम्बिनी (१४.२० प्रतिशत), मधेस (१३.०८ प्रतिशत), गण्डकी (८.९८ प्रतिशत) र सुदूरपश्चिम प्रदेश (७.०३ प्रतिशत) रहेका छन् ।

तालिका २.१ : प्रादेशिक आर्थिक परिसूचकहरु (आर्थिक वर्ष २०८२/८३)

आर्थिक परिसूचक/ प्रदेश	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	राष्ट्रिय
कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा)	१०४३.११	८६३.३३	२४२३.१२	५९२.६८	९३६.७२	२७७.२५	४६३.८९	६६००.१०
राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत)	१५.८०	१३.०८	३६.७१	८.९८	१४.२०	४.२०	७.०३	१००
आर्थिक वृद्धिदर	३.१३	१.३१	५.४०	५.०१	२.८७	२.९४	३.२८	३.८५
प्रतिव्यक्ति आय (अमेरिकी डलर)	१४१०	९३४	२६४४	१६५१	१२०८	११०८	११७०	१५१३
कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत)								
कृषि क्षेत्र	३२.८२	३५.११	११.८१	२६.२८	३०.२४	३१.६७	३३.६५	२४.०३
उद्योग क्षेत्र	१७.३३	१२.०४	११.६६	१८.३७	१४.८४	९.९२	१३.६९	१४.१६
सेवा क्षेत्र	४९.८५	५२.८५	७६.५३	५५.३५	५४.९२	५८.४१	५२.६६	६१.८१

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय ।

(ख) आर्थिक वृद्धि:

कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आर्थिक वर्ष २०८२/८३ मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा ३.८५ प्रतिशत अनुमान गरिएकोमा बागमती प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ५.४० प्रतिशत र मधेश प्रदेशको वृद्धिदर सबैभन्दा कम १.३१ प्रतिशत रहने अनुमान गरिएको छ ।

संशोधित अनुमान अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको वृद्धिदर सबैभन्दा बढी ५.२९ प्रतिशत रहने र कोशी प्रदेशमा सबैभन्दा कम २.७२ प्रतिशत रहने देखिएको छ । आर्थिक वर्ष २०८१/८२ मा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर ३.२१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ३.२८ प्रतिशत रहने अनुमान गरिएको छ ।

चार्ट २.२ : प्रदेशस्तरीय कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)



स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, जेठ २०८३ ।

(ग) क्षेत्रगत योगदान:

आर्थिक वर्ष २०८२/८३ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशको ३५.११ प्रतिशत, द्वितीय क्षेत्रको योगदान सबैभन्दा बढी गण्डकी प्रदेशको १८.३७ र तृतीय क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशको ७६.५३ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३३.६५ प्रतिशत, १३.६९ प्रतिशत र ५२.६६ प्रतिशत रहने अनुमान छ ।

२.३ प्रादेशिक चुनौती तथा सम्भावना

२.३.१ प्रादेशिक चुनौती

१. भौगोलिक विकटता, न्यून भौतिक पूर्वाधार, गरिबीको दर उच्च हुनुका साथै प्रदेशका ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सुविधाहरुमा पहुँच सिमित रहेको ।
२. हिमाली र पहाडी जिल्लाहरुबाट तीव्ररुपमा तराईका जिल्लाहरुमा भईरहेको बसाइँसराइका कारणले खेतीयोग्य जमीन बाँझो हुँदै जानु र तराईका जिल्लाहरुको खेतीयोग्य जमिन खण्डित हुँदै जानु ।
३. प्रदेशबाट रोजगारीका लागि भारत जाने श्रमिकहरु, उच्च शिक्षाका लागि विदेश जाने युवाहरुलाई प्रदेशमै रोजगारीका अवसरहरु सृजना गर्नु तथा स्थानीय शैक्षिक संस्थाले शिक्षा र रोजगारीबीच विश्वसनीय सम्बन्ध कायम गर्नु ।
४. कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण मार्फत् आन्तरिक उत्पादन अभिवृद्धि गरी कृषकको जीवनस्तर सुधार गर्ने कार्य चुनौतीपूर्ण छ । प्रदेशका विभिन्न क्षेत्रहरु विशेषत: पहाडी तथा हिमाली जिल्लाहरुमा सिँचाइको लागि आकाशे पानीमा भर पर्नु पर्ने अवस्था रहेको छ ।
५. जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढीपहिरो, कटान र डुबान जस्ता प्राकृतिक प्रकोपहरुको असर न्यूनीकरण गर्नु ।
६. स्थानीय र प्रादेशिक स्तरमा विश्वसनीय तथा एकिकृत तथ्याङ्कको कमीका कारण अध्ययन तथा अनुसन्धानमा आधारित नीति तथा कार्यक्रमहरुको अभाव, विकासका उच्च सम्भावना रहेका क्षेत्रहरुमा आवश्यक बजेटको कमी तथा लक्षित वर्गसम्म आवश्यक कार्यक्रमहरु पुऱ्याउन नसक्नुले आर्थिक समृद्धि हासिल हुन सकेको छैन ।

२.३.२ प्रादेशिक सम्भावना

१. प्रदेश स्थित महाकाली, सेती, चमेलिया, बुढीगंगा, लगायतका जलस्रोतहरुको प्रभावकारी उपयोग गरी विद्युत उत्पादन र ठूला तथा जलशाययुक्त जलविद्युत आयोजना, सौर्य तथा वायु उर्जाको विकासमार्फत् प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उर्जा निर्यात केन्द्र बनाउन सकिने सम्भावना रहेको ।
२. सुदूरपश्चिम प्रदेशमा कृषिको क्षेत्रमा प्रचूर सम्भावनाहरु रहेका छन् । तराईमा खाद्यान्न तथा मत्स्यपालन र पहाडी तथा हिमाली क्षेत्रमा उच्च मूल्यका नगदे बालीहरुको पकेट क्षेत्र विस्तार गर्न सकिने सम्भावना रहेको छ । प्रशोधन उद्योग, शीत भण्डार र बिउ बिजन बैंकिङ मार्फत् आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने अवसर रहेको ।
३. सहजपुर-दिपायल-बोगटान सडक, खप्तड-मार्तडी सडक, सतबाँझ-श्रीभावर सडक, महाकाली लोकमार्ग, खुटिया दिपायल लोकमार्ग आदीको निर्माण तथा स्तरोन्नती कार्य तीव्र गतिमा अघि बढेमा पहाडी उत्पादनलाई तराई तथा सीमावर्ती बजारसँग जोड्ने आर्थिक कोरिडोर निर्माण गर्न सकिने सम्भावना रहेको ।
४. प्रदेशस्थित राष्ट्रिय गौरवका आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजना, लम्की मुल नहरको शाखा तथा प्रशाखा नहरबाट जमिनमा सिँचाइ सुविधा विस्तार, कन्चनपुर जिल्लाको ब्रम्ह्देव क्षेत्रको जमिनमा सिँचाइ सुविधा विस्तार तथा महाकाली सिँचाइ आयोजना निर्माण कार्य तीव्र गतिमा अघि बढे कैलाली तथा कञ्चनपुरमा कृषि उत्पादन बढाउन सकिने सम्भावना देखिएको ।

५. प्रदेशमा निर्माणाधिन दोधारा चाँदनी सुख्खा बन्दरगाह र एकिकृत जाँच चौकी मार्फत् भारतका औद्योगिक शहरहरु दिल्ली, नोयडा, उत्तराखण्डको सबै भन्दा छोटो दूरीको पारवहन विन्दू बनेर अन्तर्राष्ट्रिय व्यापार र लजिष्टिक हब बन्ने अवसर देखिएको । महाकाली कोरिडोर (टिङ्कर नाका) ले भारत र चिन जोड्ने त्रिदेशीय व्यापारिक तथा रणनीतिक मार्गको रुपमा प्रदेशको आर्थिक सम्भावना खोल्ने आधार देखिएको ।

६. शहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय (गेटा, कैलाली) मार्फत् प्रदेशलाई विशिष्टिकृत स्वास्थ्य सेवा र मेडिकल शिक्षाको केन्द्र बनाई भारतका विरामीहरुलाई समेत आकर्षित गरी मेडिकल टुरिजम विस्तार गर्न सकिने । साथै, टिकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय मार्फत् कृषि ईन्जिनियरिङ्ग, जैविक प्रविधि र सूचना प्रविधिमा दक्ष जनशक्ति उत्पादन गरी प्रदेशमै अनुसन्धान तथा नवप्रवर्तन बढाउने सम्भावना देखिएको ।

७. सुदूरपश्चिम प्रदेशका प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यहरु खप्तड, बडीमालिका, रामारोशन, अपि सैपाल लगायतका स्थानहरुमा आवश्यक पर्यटकीय पूर्वाधारको विकास र प्रचार प्रसार गर्न सकिएमा पर्यटन क्षेत्रबाट प्रदेशको विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिएको ।

परिच्छेद ३: कृषि क्षेत्र

३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०८२/८३ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको क्षेत्रफल २.११ प्रतिशतले ह्रास आएको छ। गत वर्ष यस्तो क्षेत्रफल २.१७ प्रतिशतले वृद्धि भएको थियो। यस्तो क्षेत्रफल डडेल्धुरा र कञ्चनपुर जिल्लामा क्रमशः २.० प्रतिशत र ०.७५ प्रतिशतले वृद्धि भएको छ भने बाकी जिल्लाहरु बझाङ, कैलाली, अछाम, दार्चुला, बाजुरा, डोटी र बैतडीमा क्रमशः ५.९७ प्रतिशत, ४.३१ प्रतिशत, ३.९६ प्रतिशत, २.०४ प्रतिशत, १.४९ प्रतिशत, ०.९६ प्रतिशत र ०.२८ प्रतिशतले ह्रास आएको छ।

खाद्य तथा अन्य बाली : समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा २.६३ प्रतिशतले गिरावट आएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफलमा १.८८ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिमा प्रमुख खाद्य तथा अन्य बालीहरुमध्ये धान, गहुँ, फापर, उखु र भटमासले ढाकेको क्षेत्रफल क्रमशः ०.९७ प्रतिशत, १.४८ प्रतिशत, ३.१७ प्रतिशत, ०.७७ प्रतिशत र ७.०१ प्रतिशतले वृद्धि भएको छ भने मकै, कोदो, जौँ, आलु, दलहन र तेलहन बालीले ढाकेको क्षेत्रफल क्रमशः ६.४१ प्रतिशत, ५.७५ प्रतिशत, २३.०१ प्रतिशत, १.५९ प्रतिशत, ६.२२ प्रतिशत र ३४.४८ प्रतिशतले ह्रास आएको छ।

तरकारी तथा बागवानी : समीक्षा वर्षमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल २.४९ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ६.५१ प्रतिशतले वृद्धि भएको थियो।

फलफूल तथा मसला : समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ३.२२ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल ३.१६ प्रतिशतले वृद्धि भएको थियो।

चार्ट ३.१ : प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)



स्रोत: सुदूरपश्चिम प्रदेशमा रहेका जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु।

जिल्लागत स्थिति : आर्थिक वर्ष २०८२/८३ मा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३१.६१ प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको सबैभन्दा कम ४.५६ प्रतिशत रहेको छ। समीक्षा वर्षमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.६६ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम ३.०९ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३५.७२ प्रतिशत र बैतडी जिल्लाको हिस्सा सबैभन्दा कम ३.२४ प्रतिशत रहेको छ। समग्र प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलको ५५.८६ प्रतिशत र तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलको ६२.५२

प्रतिशत हिस्सा कैलाली र कञ्चनपुर जिल्लामा रहेको छ भने फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफलको ५१.६३ प्रतिशत हिस्सा कैलाली र डोटी जिल्लाले ओगटेको छ ।

तालिका ३.१ : आर्थिक वर्ष २०८२/८३ मा कृषि उपजले ढाकेको भू-क्षेत्र (हेक्टरमा)

जिल्ला	क्षेत्रफल (हेक्टरमा)			जिल्लागत हिस्सा (प्रतिशत)		
	खाद्य तथा अन्य बाली	तरकारी तथा बागवानी	फलफूल तथा मसला	खाद्य तथा अन्य बाली	तरकारी तथा बागवानी	फलफूल तथा मसला
बाजुरा	१९,०८३.००	१,०१७.००	१,८९०.००	४.५६	३.९३	८.८५
बझाङ	२७,८१३.००	८००.००	१,५६३.००	६.६४	३.०९	७.३२
दार्चुला	२९,३४३.००	९७५.५०	१,६९६.००	४.६२	३.७७	७.९४
बैतडी	३२,१६३.००	१,१५०.००	६९३.००	७.८६	४.४५	३.२४
डडेल्धुरा	२१,१९३.००	२,३२५.००	२,१४२.००	५.०६	८.९९	१०.०३
डोटी	३४,१३३.००	२,३८४.००	३,३९९.००	८.१५	९.२२	१५.९२
अछाम	३१,०२२.४४	१,०४२.७०	७६१.५५	७.४१	४.०३	३.५७
कैलाली	१३,२३१५.००	१०,७७४.००	७,६२८.००	३१.६१	४१.६६	३५.७२
कञ्चनपुर	१,०१,५१४.००	५,३९६.००	१,५८४.००	२४.२५	२०.८६	७.४२
जम्मा	**४,१८,५७९.४२**	**२५,८६४.२०**	**२१,३५६.५५**	**१००.००**	**१००.००**	**१००.००**

स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश ।

३.२ कृषि उत्पादन

आर्थिक वर्ष २०८२/८३ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) को उत्पादन ०.८२ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष समग्र कृषि बालीको उत्पादनमा २.९३ प्रतिशतले वृद्धि भएको थियो ।

चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन (हजार मेट्रिक टनमा)



स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय, सुदूरपश्चिम प्रदेश ।

खाद्य तथा अन्य बाली : समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन ०.७४ प्रतिशतले वृद्धि भएको देखिन्छ । प्रमुख खाद्य तथा अन्य बालीमध्ये दलहन, तेलहन, भटमास, आलु र उखुको उत्पादन क्रमशः ११.८६ प्रतिशत, ९.५२ प्रतिशत, ९.५२ प्रतिशत, ७.०१ प्रतिशत र ४.०३ प्रतिशतले वृद्धि भएको छ भने फापर, जौँ, मकै, गहुँ, धान र कोदोको उत्पादन क्रमशः ६३.२४ प्रतिशत, ३२.०१ प्रतिशत, ८.५४ प्रतिशत १.८४ प्रतिशत, १.४१ प्रतिशत र १.१२ प्रतिशतले ह्रास आएको छ ।

जिल्लागत आधारमा कैलाली, कञ्चनपुर, बैतडी, अछाम र डडेल्धुरा जिल्लामा खाद्य तथा अन्य बालीको उत्पादनमा वृद्धि भएको छ भने अन्य जिल्लाहरु बाजुरा, बझाङ, दार्चुला र डोटी जिल्लामा खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास

आएको छ। यस्ता बालीको उत्पादन सबैभन्दा बढी बैतडी जिल्लामा ३.९५ प्रतिशतले वृद्धि भएको छ भने बाजुरा जिल्लामा ५.०८ प्रतिशतले ह्रास आएको छ।

तरकारी तथा बागवानी : समीक्षा वर्षमा तरकारी तथा बागवानीको उत्पादन ०.९१ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो उत्पादन ३.३२ प्रतिशतले वृद्धि भएको थियो। जिल्लागत आधारमा दार्चुला, डोटी र कैलाली जिल्लामा तरकारी तथा बागवानीको उत्पादनमा ह्रास आएको छ भने बाजुरा, बझाङ, बैतडी, डडेल्धुरा, अछाम र कञ्चनपुरमा यस्तो उत्पादन वृद्धि भएको छ। तरकारी तथा बागवानीको उत्पादन सबैभन्दा बढी बाजुरा जिल्लामा २२.४० प्रतिशतले वृद्धि भएको छ भने डोटी जिल्लामा १०.९१ प्रतिशतले ह्रास आएको देखिन्छ।

फलफूल तथा मसला : समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन १.३० प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा फलफूल तथा मसला बालीको उत्पादन ०.४१ प्रतिशतले ह्रास आएको थियो। जिल्लागत आधारमा फलफूल तथा मसला बालीको समग्र उत्पादन बझाङ जिल्लामा सबैभन्दा बढी १३.१४ प्रतिशतले वृद्धि भएको छ भने अछाम जिल्लामा सबैभन्दा बढी १५.९२ प्रतिशतले ह्रास आएको देखिन्छ।

तालिका ३.२ : आर्थिक वर्ष २०८२/८३ मा प्रमुख कृषि बालीहरुको जिल्लागत उत्पादन (मेट्रिक टनमा)

जिल्ला	उत्पादन (मेट्रिक टन)			जिल्लागत हिस्सा (प्रतिशत)		
	खाद्य तथा अन्य बाली	तरकारी तथा बागवानी	फलफूल तथा मसला	खाद्य तथा अन्य बाली	तरकारी तथा बागवानी	फलफूल तथा मसला
बाजुरा	५०,९९२.००	८,३६०.००	८,३८६.००	२.७२	२.४६	४.०६
बझाङ	८३,६१०.००	११,२००.००	१५,१७२.३०	४.४५	३.२९	७.३५
दार्चुला	५१,१७२.००	११,६८४.००	१५,०६४.००	२.७३	३.४३	७.३०
बैतडी	८३,८९७.००	१७,२५०.००	६,७०४.००	४.४७	५.०७	३.२५
डडेल्धुरा	८१,९१८.००	२६,३३२.००	१४,२३३.००	४.३६	७.७३	६.९०
डोटी	१,०२,१४५.७५	२७,८६०.७२	३२,९६७.५६	५.४४	८.१९	१५.९७
अछाम	६८,४८९.९५	१६,३६१.७५	२,५८०.०३	३.६५	४.८१	१.२५
कैलाली	६,३४,६८२.००	१,३४,९९०.००	८८,७७७.००	३३.८०	३९.६६	४३.०१
कञ्चनपुर	७,२०,६०२.५०	८६,३३६.००	२२५१६.४०	३८.३८	२५.३७	१०.९१
जम्मा	**१८,७७,५०९.२०**	**३,४०,३६४.४७**	**२०६४००.२९**	**१००.००**	**१००.००**	**१००.००**

स्रोत: कृषि ज्ञान केन्द्रहरु, कृषि विकास निर्देशनालय सुदूरपश्चिम प्रदेश।

जिल्लागत स्थिति : समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा कञ्चनपुर जिल्लाको हिस्सा सबैभन्दा बढी ३८.३८ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम २.७२ प्रतिशत रहेको छ। त्यसैगरी, तरकारी तथा बागवानी उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ३९.६६ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम २.४६ प्रतिशत रहेको छ। त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४३.०१ प्रतिशत र अछाम जिल्लाको हिस्सा सबैभन्दा कम १.२५ प्रतिशत रहेको छ।

चार्ट ३.३ : प्रमुख खाद्य बाली तथा अन्य कृषि उत्पादनको जिल्लागत उत्पादन स्थिति (हजार मेट्रिक टनमा)



स्रोत: जिल्लास्थित कृषि ज्ञान केन्द्रहरु ।

३.३. पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

पशुपन्छी उत्पादन : आर्थिक वर्ष २०८२/८३ मा दूध उत्पादन ११.०३ प्रतिशतले बढेको छ । गत वर्ष सोही अवधिमा दूध उत्पादन ३.२८ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मासुजन्य उत्पादन ६.९१ प्रतिशतले बढेको छ भने अघिल्लो वर्षको सोही अवधिमा मासु उत्पादन ०.४७ प्रतिशतले बढेको थियो । मासुजन्य उत्पादनतर्फ भैंसी/राँगोको मासु उत्पादन १.६० प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन ५.३० प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन २६.२२ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन २७.०७ प्रतिशतले बढेको छ ।

समीक्षा वर्षमा अण्डा उत्पादन २.२४ प्रतिशत, उन उत्पादन ५.८० प्रतिशत र छाला उत्पादन ०.८० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष सोही अवधिमा अण्डा उत्पादन ८.४६ प्रतिशत, उन उत्पादन ११.३९ प्रतिशत बढेको थियो भने छाला उत्पादन १.५३ प्रतिशत ले घटेको थियो । समीक्षा वर्षमा माछा उत्पादन ०.७६ प्रतिशतले वृद्धि भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा माछा उत्पादन १०.३१ प्रतिशतले वृद्धि भएको थियो ।

हाल प्रदेशमा मुख्यमन्त्री बाखा पालन कार्यक्रम तथा अन्य बाखा प्रवर्द्धन कार्यक्रम संचालनमा रहेको, व्यवसायिक कुखुरापालन कार्यक्रम तथा कृषि व्यवसायमा युवाहरुको आकर्षण, प्रदेश तथा स्थानीय तहबाट स्वरोजगार तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन तथा कृषि व्यवसायीहरुलाई विभिन्न अनुदान कार्यक्रम संचालनमा रहेकोले पशुजन्य उत्पादनमा वृद्धि भएको देखिन्छ ।

वनजन्य उत्पादन : समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ, औषधीजन्य वस्तु तथा अन्य उत्पादन क्रमशः ११.९७ प्रतिशत, ३८.६५ प्रतिशत र २३.२३ प्रतिशतले बढेको छ भने दाउरा उत्पादन २३.३२ प्रतिशतले घटेको छ । गत वर्ष सोही अवधिमा काठ उत्पादन २४.४९ प्रतिशतले बढेको थियो भने दाउरा, औषधीजन्य वस्तु तथा अन्य उत्पादन क्रमशः ५.२६ प्रतिशत, ६२.५० प्रतिशत र ४५.२५ प्रतिशतले ह्रास आएको थियो ।

जिल्लागत स्थिति: समीक्षा वर्षमा दूध उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४१.४९ प्रतिशत र बझाङ जिल्लाको सबैभन्दा कम ०.८१ प्रतिशत रहेको छ । मासु उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ४८.२९ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम ३.२३ प्रतिशत रहेको छ । त्यसैगरी, अण्डा उत्पादनमा कैलाली जिल्लाको हिस्सा सबैभन्दा बढी ५२.११ प्रतिशत र बाजुरा जिल्लाको हिस्सा सबैभन्दा कम ०.५७ प्रतिशत रहेको छ ।

तालिका ३.३ : आर्थिक वर्ष २०८२/८३ मा प्रमुख पशुपंक्षीजन्य उत्पादन

जिल्ला	उत्पादन			हिस्सा (प्रतिशत)		
	दूध (हजार लिटरमा)	मासु (मेट्रिक टन)	अन्डा (हजार गोटा)	दूध	मासु	अन्डा
दार्चुला	१७,६३८.००	२,२८७.००	५७१.००	५.५४	४.३८	०.६६
बैतडी	१७,५१७.८०	३,०३९.२०	३,६८०.७०	५.५१	५.८२	४.२८
डडेल्धुरा	१५,८४२.००	२,१३२.८०	५,८००.००	४.९८	४.०९	६.७४
कञ्चनपुर	८०,६४५.६४	८,५३८.४९	२२,४३२.७०	२५.३५	१६.३६	२६.०९
बझाङ	२,५८४.००	३,०३७.००	१,७१५.००	०.८१	५.८२	१.९९
बाजुरा	१०,७८४.००	१,६८६.००	४८९.००	३.३९	३.२३	०.५७
डोटी	१८,६१२.२६	३,३०८.१९	४,३२६.३७	५.८५	६.३४	५.०३
अछाम	२२,५५२.००	२,९५७.००	२,१६७.००	७.०९	५.६७	२.५२
कैलाली	१,३१,९९९.००	२५,१९६.००	४४,८१४.००	४१.४९	४८.२९	५२.११
जम्मा	**३,१८,१७४.७०**	**५२,१८१.६८**	**८५,९९५.७७**	**१००.००**	**१००.००**	**१००.००**

स्रोतः भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्रहरु, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय ।

३.४ सिँचाइ

आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल ४.७४ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा सिँचित क्षेत्रफल ०.९६ प्रतिशतले वृद्धि भएको थियो । यस प्रदेशमा कुल खेती गरिएको भू-भागमध्ये ४१.३७ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ । कुल सिँचित क्षेत्रफलमध्ये ३०.९५ प्रतिशत कुलोबाट, ६५.६५ प्रतिशत नहरबाट सिँचित भएको छ भने पोखरीबाट २.७७ प्रतिशत तथा बोरिङ्ग बाट ०.४४ प्रतिशत सिँचाइ भएको देखिन्छ ।

चार्ट ३.४ : सिँचाइ क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)



स्रोतः जिल्लास्थित जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरु ।

३.५ क्षेत्रगत कृषि कर्जा

२०८३ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट सुदूरपश्चिम प्रदेशमा कृषि क्षेत्रमा प्रवाहित कर्जा २०८२ असार मसान्तको तुलनामा २.१३ प्रतिशतले ह्रास भई रु. १५ अर्ब ६२ करोड ४४ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३.४१ प्रतिशतले ह्रास भएको थियो । समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी अन्य कृषि तथा कृषिजन्य सेवामा २०.५६ प्रतिशत प्रवाह भएको छ भने सबैभन्दा कम ०.०१ प्रतिशत सनपाट शीर्षकमा प्रवाह भएको छ ।

तालिका ३.४: जिल्लागत कृषि कर्जा (२०८३ असार मसान्त)

जिल्ला	कृषि कर्जा (रु दस लाखमा)	हिस्सा (प्रतिशत)
बाजुरा	१५३.२३	०.९८
बझाङ	२५४.३४	१.६३
दार्चुला	३०१.६९	१.९३
बैतडी	२६४.१५	१.६९
डडेल्धुरा	४८३.२४	३.०९
डोटी	२१०.३१	१.३५
अछाम	२११.५४	१.३५
कैलाली	१०५८५.३३	६७.७५
कञ्चनपुर	३१६०.६३	२०.२३
जम्मा	१५६२४.४६	१००.००

स्रोत : नेपाल राष्ट्र बैंक

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको अंश ९.५६ प्रतिशत रहेको छ । कृषि क्षेत्रमा प्रवाहित कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ६७.७५ प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम ०.९८ प्रतिशत रहेको छ । त्यसैगरी, कञ्चनपुर, डडेल्धुरा, दार्चुला, बैतडी, बझाङ, डोटी तथा अछाम जिल्लाको अंश क्रमशः २०.२३ प्रतिशत, ३.०९ प्रतिशत, १.९३ प्रतिशत, १.६९ प्रतिशत, १.६३ प्रतिशत, १.३५ प्रतिशत, र १.३५ प्रतिशत रहेको छ । जिल्लागत कृषि कर्जाको अवस्था हेर्दा कैलाली र कञ्चनपूर जिल्लामा कर्जा अधिकेन्द्रित भएको देखिन्छ ।

३.६ कृषि क्षेत्रका चुनौती र सम्भावना

३.६.१ चुनौती:

१. कृषकहरुको पहिचान, वर्गीकरण र कार्यसम्पादनको उपयुक्त आधारहरु निर्धारण गरी कृषि अनुदान, प्रोत्साहन तथा सम्मान कार्यक्रमहरुलाई व्यवस्थित, पारदर्शी, न्यायोचित र परिणाममुखी बनाउनु ।
२. वैदेशिक रोजगारीमा युवा जनशक्तिको पलायन न्यूनीकरण गरी कृषिक्षेत्रमा शिक्षित, सिपयुक्त र उद्यमशील युवाहरुलाई आकर्षित गर्नु ।
३. कृषि पूर्वाधारसँग सम्बन्धित अन्तर-सरकारी निकायहरुबीच आवश्यक समन्वय र सहकार्य बढाई गुणस्तरीय र रणनीतिक कृषि आयोजना तथा कृषि पूर्वाधार संयन्त्रको विकासमार्फत कृषिक्षेत्रमा सरकारी-निजी-सहकारी क्षेत्रको लगानी आकर्षित गर्नु ।
४. कृषि उद्यमशीलता, व्यावसायिकरण र आधुनिक प्रविधिको प्रयोगद्वारा कृषकहरुको उत्पादकत्व र आयआर्जनमा वृद्धि गरी कृषि पेशालाई मर्यादित, सम्मानित र आर्कषक बनाउनु ।
५. पहाडी जिल्लाहरुमा बढ्दो बाँझो जमिनको सदुपयोग गरी यस प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान बढाउनु ।

६. परम्परागत रैथाने बाली र भौगोलिक पहिचानसँग सम्बन्धित कृषि उत्पादनको पहिचान, संरक्षण, प्रवर्द्धन र बजारीकरणमार्फत प्रतिस्पर्धी बनाउनु ।
७. कृषि तथा पशुपालन क्षेत्रमा देखिने महामारीजन्य रोग, प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनको असर, छाडा चौपाया र वन्यजन्तुको अतिक्रमणबाट कृषि उत्पादनमा पर्ने क्षति न्यूनीकरण गर्नु ।
८. कृषिक्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र नविनतम प्रविधीको प्रयोगमार्फत लागत न्यूनीकरण गरी कृषि उत्पादनलाई मूल्य र गुणस्तरमा प्रतिस्पर्धी बनाई कृषि उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउनु र आयात प्रतिस्थापन गर्नु ।

३.६.२ सम्भावना:

१. प्रदेशमा हिमाल, पहाड र तराईक्षेत्रको भौगोलिक विविधतापूर्ण मौसम, जलवायु तथा हावापानी रहेकोले मौसम अनुसार प्राकृतिक खेती, फलफूल, पशुपालन तथा वनजन्य कृषि उत्पादनको क्षेत्रगत र मौसमी विविधीकरण मार्फत कृषकहरुलाई लाभान्वित गर्न सकिने सम्भावना रहेको छ ।
२. यस क्षेत्रमा निर्माणाधिन रानीजमरा कुलरिया सिँचाइ र महाकाली सिँचाइ परियोजना जस्ता बहुवर्षीय तथा बहुउद्देश्यीय राष्ट्रिय गौरवका आयोजनाहरु लगायत अन्य साना सिँचाइ विकास कार्यक्रमले सिँचाइ सुविधाको विस्तार भई कृषि उत्पादन बढाउन सकिने सम्भावना रहेको छ ।
३. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, एक स्थानिय तह: दुई उत्पादन, स्थानीय तह विशेष पकेट क्षेत्र कार्यक्रम, प्राङ्गारिक कृषि प्रर्वद्धन कार्यक्रम, खेतीयोग्य बाँझो जमिन सदुपयोग कार्यक्रम, युवा लक्षित व्यावसायिक तरकारी खेती/मौरीपालन कार्यक्रम लगायतका विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेकाले रोजगारी तथा उत्पादन वृद्धि हुन सक्ने सम्भावना रहेको ।
४. उपभोक्ताहरुमा स्वास्थ्यप्रति बढ्दो चासो र चिन्ता रहेकोले स्थानीय तथा अन्तर्राष्ट्रिय बजारमा अर्गानिक वस्तुहरुको माग बढ्दै गईरहेको हुँदा अर्गानिक र रैथाने कृषि बालीहरुको उत्पादनमा वृद्धि गरी मुनाफा आर्जन गर्न सकिने सम्भावना रहेको छ ।
५. पशुपालन व्यवसायको विस्तार, छाडा चौपायाको व्यवस्थापन र वनजन्य जैविक स्रोतको परिचालन गरी पशुपालन, पशुजन्य उत्पादन र प्राङ्गारिक मलको उत्पादन बढाउन सकिने सम्भावना रहेको ।

परिच्छेद ४: उद्योग क्षेत्र

४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा रोजगारी

यस प्रदेशमा खाने तेल, विस्कुट, गहुँको पिठो, चामल, चिनी, साबुन, ईट्टा, कंक्रीट ब्लक, जि.आई. तार, रोजिन एण्ड टर्पेन्टाईन लगायतका नमुना छनौटमा रहेका १४ वटा उद्योगहरुबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशको नमुना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ५१.२९ प्रतिशत छ। समीक्षा वर्षमा जि.आई. तार, ईट्टा, खाने तेल उद्योगको अधिकतम क्षमता उपयोग भएको देखिएको छ। त्यसैगरी, साबुन, रोजिन, विस्कुट उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोग न्यून रहेको छ। अध्ययनमा समेटिएका उद्योगहरुमा प्रत्यक्ष रोजगारी १ हजार ६ सय ७० जना रहेका छन् (२९९ जना भारतीय नागरिक समेत)। रोजगारीमा आवद्ध महिला तथा पुरुषको अंश क्रमशः ११.८० प्रतिशत र ८८.२० प्रतिशत रहेको छ।

चार्ट ४.१ : प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग



स्रोतः अध्ययन क्षेत्रका सम्बन्धित उद्योगहरु।

समीक्षा वर्षमा अधिकाशं उद्योगहरुको उत्पादनमा वृद्धि भएको देखिन्छ भने कंक्रीट, साबुन तथा जि.आई.तारको उत्पादनमा भने ह्रास आएको देखिन्छ। यस अवधिमा कंक्रीटको उत्पादन ५२.९४ प्रतिशतले, साबुन ४५.७४ प्रतिशतले तथा जि.आई.तारको उत्पादन ६.०२ प्रतिशतले ह्रास आएको देखिन्छ। सोही अवधिमा गहुँको पीठोको उत्पादन १३७.१७ प्रतिशतले, चिनी १३४.६७ प्रतिशतले, ईट्टा १०० प्रतिशतले, रोजिन २९.४८ प्रतिशतले, चामल ७.३९ प्रतिशतले र तोरीको तेलको उत्पादन १.२७ प्रतिशतले वृद्धि भएको देखिन्छ। विस्कुट उत्पादनको तथ्याङ्क भने चालु आ.व. बाट मात्रै संकलन गरिनु तथा विगतको तथ्याङ्क उपलब्ध नहुनुले उत्पादनको प्रवृत्ति उल्लेख गर्न सकिएको छैन।

बक्स नं. १: स्थानीय उत्पादन देखि अन्तर्राष्ट्रिय बजारसम्म : द अर्गानिक भ्याली प्रा.लि.

सुदूरपश्चिम प्रदेशका स्थानीय किसानहरुले उत्पादन गरेको अदुवा, बेसार तथा अमिलोलाई संकलन, प्रशोधन तथा बजारीकरण गर्ने उद्देश्यले करिब रु.३ करोड लागानीमा मिति २०८१/०४/२४ मा स्थापना भएको कैलालीको चुरे गाउँपालिका वडा नं १ मिलनपुर स्थित द अर्गानिक भ्याली प्रा.लि ले स्थानीय स्तरमा उत्पादित अदुवाको रुपान्तरण गरी अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउँदै आएको छ ।

उद्योगले डोटी जिल्लाको वडीकेदार गाउँपालिका, जोरायल गााउँपालिका, बोगटान गाउँपालिका लगायतका क्षेत्रका स्थानीय किसान, किसान समुह तथा सहकारी संस्थासँग समन्वय गरी संस्थाका प्रतिनिधिहरु मार्फत् काँचो अदुवा संकलन गर्ने गरेको छ । हाल यस संस्थासँग प्रत्यक्ष रुपमा ५२८ जना जैविक तरिकाले खेती गर्ने प्रमाणिकृत किसानहरु आवद्ध रहेका छन् ।

द अर्गानिक भ्याली प्रा.लि.ले जैविक कृषि उत्पादन र व्यापारको माध्यमबाट ग्रामिण कृषकहरुको सामाजिक विकास र क्षमता अभिवृद्धि गर्दै ग्रामिण कृषि अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । संस्थाले दैनिक १० टन र वार्षिक ५०० टन ताजा अदुवा संकलन र प्रशोधन गर्ने गरेको छ । उत्पादित बस्तुको मुख्य बजार युरोप महादेशको जर्मनीमा रहेको यस उद्योगले वार्षिक लगभग रु.५ करोडसम्म निर्यात गर्ने गरको छ ।

उद्योगले १० जना कर्मचारीहरुलाई स्थायी रोजगारी प्रदान गरेको छ । साथै, ६ महिना मौसमी कामदारहरु कार्यरत रहने यस उद्योगमा सो समयमा करिब ५० जना महिलाहरु कार्यरत रहने गर्छन् । उद्योगले आधुनिक प्रविधिको उपयोग गरी अदुवाबाट सुकेको चाना तयार गरी विक्री गर्ने गरेको छ । आगामी दिनमा किसानसँग समन्वय बढाई अदुवा संकलनको परिमाण वृद्धि गर्ने, अदुवा सुकाउने क्षेत्र व्यवस्था विस्तार गर्ने, स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गरी किसानको आयस्तर वृद्धि गर्ने, उद्योगको प्रशोधन क्षमता बढाउने योजनाहरु रहेको उद्योगले बताएको छ । द अर्गानिक भ्याली प्रा.लि.ले सुदूरपश्चिम प्रदेशमा उत्पादित अदुवालाई व्यावसायिक मुल्य श्रंखलासँग जोड्दै कृषि उत्पादनको बजारीकरण, निर्यात प्रवर्द्धन, स्थानीय रोजगारी सिर्जना तथा महिला सशक्तिकरणमा योगदान पुऱ्याउँदै आएको छ ।

स्रोत: स्थलगत सर्वेक्षण

आर्थिक वर्ष २०८२/८३ को चैत्रसम्ममा यस प्रदेशमा कुल १ हजार ५ सय ९९ उद्योग दर्ता भई ५ हजार ४ सय ५२ जनाले रोजगारी प्राप्त गरेका छन् । यसरी प्रदेशमा स्थापना गरिएका यस्ता उद्योगहरूको सञ्चालनसँगै उत्पादन बढाउन सके सुदूरपश्चिम प्रदेशको औद्योगिक विकासका साथै रोजगारी सिर्जनामा समेत टेवा पुग्ने देखिन्छ ।

तालिका ४.१ : सुदूरपश्चिम प्रदेशमा दर्ता भएका उद्योग (लगानी र पुँजी रु.करोडमा)

उद्योगको प्रकृति	जम्मा संख्या	कुल लगानी	स्थिर पुँजी	चालु पुँजी	रोजगारी संख्या
उत्पादनमूलक	१९१	५०.४६	३१.३७	१९.०९	८५०
कृषि तथा वनजन्य	७५५	९५.८३	५७.२३	३८.५९	२५२५
पर्यटनमूलक	३९	२.९४	१.७३	१.२१	१२१
सेवामूलक	५९२	७०.२७	४२.०२	२८.३०	१७९९
पूर्वाधार	१६	२.२०	१.३२	०.८८	१२८
सूचना तथा प्रविधि	६	०.६४	०.३६	०.२८	२९
कुल जम्मा	**१,५९९**	**२२२.३४**	**१३४.०३**	**८८.३५**	**५४५२**

स्रोत : आर्थिक सर्वेक्षण २०८२/८३ आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार

४.२ औद्योगिक कर्जा

२०८३ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा ३.७२ प्रतिशतले वृद्धि भई रु.२७ अर्ब ७१ करोड ५१ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ४.३७ प्रतिशतले वृद्धि भएको थियो । कुल प्रवाहित कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित भएको कर्जाको अंश १६.९६ प्रतिशत रहेको छ । समीक्षा वर्षसम्ममा कुल औद्योगिक कर्जामध्ये विद्युत, ग्यास तथा पानी सम्बन्धी उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी ४६.०८ प्रतिशतले वृद्धि भएको छ भने खानी सम्बन्धी उद्योगमा सबैभन्दा बढी १९.२४ प्रतिशतले ह्रास आएको छ ।

चार्ट ४.२ : औद्योगिक कर्जा प्रवाह (रु. दश लाखमा)



स्रोत: नेपाल राष्ट्र बैंक ।

कुल औद्योगिक कर्जामध्ये कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा ४०.२३ प्रतिशत, गैर खाद्यवस्तु सम्बन्धी उद्योगमा २५.८२ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा २१.८६ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक उद्योगमा ९.४२ प्रतिशत, विद्युत, ग्याँस तथा पानी उद्योगमा २.३० प्रतिशत र खानीसम्बन्धी उद्योगमा ०.३७ प्रतिशत अंश रहेको छ ।

तालिका ४.२ : जिल्लागत औद्योगिक कर्जा प्रवाह (२०८३ असार मसान्त)

जिल्ला	औद्योगिक कर्जा प्रवाह (रु.दश लाखमा)	हिस्सा (प्रतिशत)
बाजुरा	१३७.८१	०.५०
बझाङ	१८३.०६	०.६७
दार्चुला	१६७.७०	०.६१
बैतडी	१६७.५४	०.६१
डडेल्धुरा	४२१.५९	१.५३
डोटी	२७८..०२	१.०१
अछाम	१८४.४३	०.६७
कैलाली	२१,७०२.२२	७८.८७
कञ्चनपुर	४,४७२.७८	१५.५३
जम्मा	**२७,७१५.१५**	**१००**

स्रोतः नेपाल राष्ट्र बैंक।

समीक्षा वर्षमा यस प्रदेशमा प्रवाह भएको कुल औद्योगिक कर्जामध्ये कैलाली जिल्लाको अंश सबैभन्दा बढी ७८.८७ प्रतिशत रहेको छ भने बाजुरा जिल्लाको अंश सबैभन्दा कम ०.५० प्रतिशत रहेको छ। यसैगरी, कञ्चनपुर, डडेल्धुरा, डोटी, अछाम, बझाङ, दार्चुला, तथा बैतडी को अंश क्रमशः १५.५३ प्रतिशत, १.५३ प्रतिशत, १.०१ प्रतिशत, ०.६७ प्रतिशत, ०.६७ प्रतिशत, ०.६१ प्रतिशत, र ०.६१ प्रतिशत रहेको छ।

४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

४.३.१ चुनौतीः

१. अधिकांश उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको अवस्थामा सञ्चालित उद्योगहरुको क्षमता उपयोग वृद्धि गरी उद्योगी व्यावसायीहरुको मनोवल अभिवृद्धि गर्नु।
२. आधुनिक प्रविधिको प्रयोग गरी औद्योगिक उत्पादनको लागत न्यूनीकरण र गुणस्तर सुधारमार्फत उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु।
३. उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, इन्धनको आपूर्ति श्रृखंलालाई सहज र भरपर्दो बनाउनु।
४. उद्योगहरुलाई आवश्यक पर्ने सिपयुक्त र दक्ष जनशक्तिको विकास गरी टिकाई राख्नुका साथै पुँजी, प्रविधि र सिप सहित वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई यस क्षेत्रमा आकर्षित गर्नु।
५. नीतिगत, प्रक्रियागत र संरचनागत औद्योगिक पूर्वाधारको सुधारमार्फत् लगानीयोग्य वातावरणको निर्माण गरी निजी र वैदेशिक लगानीकर्ताहरु आर्कषित गर्नु।
६. सुदूरपश्चिम प्रदेशको भारतसँगको खुला सीमा नाकाको कारण हुन सक्ने सम्भावित भन्सार छली, अवैध पैठारी जस्ता गतिविधिहरू नियन्त्रण गरी स्थानीय उत्पादन, व्यवसाय तथा उद्योग प्रवर्द्धन गर्नु।
७. कमजोर औद्योगिक पूर्वाधार, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, आदि औद्योगिक चुनौतीको रुपमा रहेको।

४.३.२ सम्भावनाः

१. पश्चिम सेती, महाकाली, चमेलिया, बुढीगंगा, सुर्नया जस्ता अत्याधिक जलप्रवाह क्षमता भएका नदीहरुबाट जलविद्युतको उत्पादन तथा निर्यात गरी उर्जामुलक उद्योगको विकास तथा प्रवर्द्धन गर्न सकिने सम्भावना रहेको।
२. यस प्रदेशको उच्च पहाडी तथा हिमाली क्षेत्रमा पाईने बहुमूल्य जडिबुटी तथा औषधीजन्य पदार्थको खोज, अध्ययन-अनुसन्धान, संकलन र प्रशोधन गरी प्राकृतिक औषधी उत्पादन गर्न सकिने सम्भावना रहेको।

३. यस क्षेत्रमा अवस्थित विभिन्न धार्मिक तथा पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान, प्रवर्द्धन र आवश्यक पूर्वाधारको व्यवस्था गरी प्रदेशलाई धार्मिक पर्यटन हबको रुपमा विकास गर्न सकिने उच्च सम्भावना रहेको ।
४. कैलाली र कञ्चनपुर जिल्लामा उद्योगको लागि आवश्यक न्यूनतम पूर्वाधारको विकास भईसकेको परिप्रेक्ष्यमा औद्योगिक क्षेत्रको विकास गर्न सकिने सम्भावना रहेको ।
५. कृषिमा आधारित खाद्यान्न प्रशोधन, पशुजन्य उत्पादन र दुग्धजन्य उत्पादनको माग बढ्दै गईरहेकोले कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योगहरुको स्थापना गरी आयात प्रतिस्थापन गर्न सकिने सम्भावना रहेको ।
६. आधुनिक प्रविधि तथा नवप्रवर्तनको माध्यमबाट स्थानीय सिपमा आधारित घरेलु तथा साना उद्योगहरुको स्थापना, सञ्चालन तथा संरक्षण गर्दै उत्पादन क्षमता र उत्पादकत्व अभिवृद्धि गर्न सकिने सम्भावना रहेको ।

परिच्छेद ५: सेवा क्षेत्र

५.१ पर्यटन

यस प्रदेशमा सञ्चालनमा रहेका पर्यटकस्तरीय होटलमध्ये नमुना छनौटमा रहेका ११ वटा होटलहरुबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ । समीक्षा अवधिमा नमुनाको रुपमा छनौट गरिएका ११ होटलहरुको औसत अकुपेन्सी ३४.६९ प्रतिशत रहेको छ। उक्त होटलहरुबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा भारतीय पर्यटकहरु १७,९९७ जना, चिनियाँ पर्यटक ९४ जना तथा तेस्रो मुलुकबाट ७३१ जना गरी जम्मा १८,८२२ जना बाह्य पर्यटकहरुले यस प्रदेशमा भ्रमण गरेको देखिन्छ । समीक्षा अवधिमा २११ जना पुरुष तथा ७९ जना महिला गरी जम्मा २९० जनाले यस्ता होटलहरुमा रोजगारी पाएको देखिन्छ । समीक्षा अवधिमा यस्ता होटलहरुमा भारतबाट आउने पर्यटकहरुको संख्यामा १७ प्रतिशतले वृद्धि भएको देखिन्छ भने चीन तथा तेस्रो मुलुकबाट आउने पर्यटकहरुको संख्यामा क्रमश: ४३ प्रतिशत र ४८ प्रतिशतले कमी आएको देखिन्छ ।

५.२ सार्वजनिक निर्माण तथा रियल स्टेट

समीक्षा वर्षमा समग्र घरजग्गा रजिष्ट्रेशन संख्या ११.४१ प्रतिशतले बढेको छ। गत वर्ष सोही अवधिमा सो संख्या ३७.५० प्रतिशतले बढेको थियो । यसैगरी, घरजग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन १७.२९ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ४४ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलन ३७.६२ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या ९.२५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा घर/भवन नक्सा पास संख्या १२.११ प्रतिशतले वृद्धि भएको थियो । सुदूरपश्चिम प्रदेशमा डोटी, अछाम र बझाङ, जिल्लाहरु बाहेक अन्य जिल्लाहरुमा घरजग्गा रजिष्ट्रेशन संख्यामा वृद्धि भएको छ ।

समीक्षा वर्षमा कैलाली जिल्लामा सबैभन्दा बढी १ हजार ६ सय ११ वटा घर/भवन नक्सा पास भएका छन् भने बझाङ जिल्लामा घर/भवन नक्सा पास भएको छैन । आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशमा घर/जग्गा कारोबार सुस्त रहेको, पहाडी जिल्लाहरुमा घर नक्सा पास गर्ने प्रचलन कमै रहेको र केही जिल्लाहरुमा समीक्षा वर्षमा घर नक्सा पास नभए पनि समग्रमा नक्सा पास संख्यामा वृद्धि नै भएको देखिन्छ ।

चार्ट ५.१ : घरजग्गा कारोबारको अवस्था



स्रोत: मालपोत कार्यालयहरु ।

बक्स नं. २: : जाल्पा देवी केबलकार, सुदूरपश्चिम प्रदेशको पहिलो केबलकार

सुदूरपश्चिमकै पहिलो केवलकार परियोजना जाल्पा देवि केवलकार यस प्रदेशको कैलाली जिल्लामा रहेको लम्की चुहा नगरपालिका ३ को चिसापानी देखि मोहन्याल गाउँपालिका ७ को राजकाँडा जोड्ने एक महत्वपूर्ण पर्यटन पूर्वाधार परियोजना हो । यसको तल्लो स्टेशन पूर्व पश्चिम राजमार्ग नजिकै कर्णाली चिसापानीमा र माथिल्लो स्टेशन राजकाँडामा रहेको ऐतिहासिक जाल्पा देवि मन्दिर क्षेत्रमा बनाईएको छ । माथिल्लो स्टेशनलाई एक आकर्षक हिल स्टेशनको रुपमा विकास गरिएको छ जहाँ सुविधा सम्पन्न रिसोर्ट, रेष्टुरेण्ट, बाल उद्यान, जाल्पा देवी मन्दिर र साहसिक पर्यटन आकर्षणहरु जस्तै : (स्काईवाक, जिपलाईन आदि) को पूर्वाधार निर्माण गरिएको छ । जाल्पा देवी मन्दिरलाई देवी दूर्गाको एक स्वरुपको रुपमा श्रद्धा गरिन्छ भने दर्शन गर्दा मनोकामना पूर्ण हुने जनविश्वास भएकोले टाढा टाढाबाट भक्तजनहरु दर्शन गर्न मन्दिरमा आउने गर्दछन् । रु.५ अर्बको लागतमा २०८२ जेठबाट निर्माण कार्य सुरु गरिएको जाल्पा देवी केबुलकार २०८३ मंसिर महिनाको अन्तिमतिर सञ्चालनमा आउने अपेक्षा गरिएको छ ।

करिब ३.१ कि.मि लम्बाईको यो केबलकारले पर्यटकहरुलाई समथर भूभागबाट उठेका वनैवनले ढाकिएका पहाडमाथि १० मिनटको मनोरम यात्रा गराउनेछन् । कर्णाली नदी, चुरे पहाड र बर्दिया राष्ट्रिय निकुञ्जको मनमोहक दृश्य अवलोकन गर्न सकिने यस परियोजनाले स्वदेशी तथा विदेशी पर्यटक र विशेष गरी ठूलो संख्यामा भारतीय पर्यटकहरुलाई आकर्षित गर्ने सम्भावना रहेको देखिन्छ । हाल यस आयेजनाको करिब ९० प्रतिशत कार्य सम्पन्न भईसकेको छ । १४ वटा टावर निर्माण पूर्ण रुपमा सम्पन्न भईसकेको छ । यस आयोजनाले प्रत्यक्ष रुपमा ३०० देखि ५०० जनालाई रोजगारी प्रदान गरेको छ जसमध्ये ५० जना भारतीय र ५ जना तेस्रो मुलुकका नागरिक रहेका छन् । साहसिक तथा धार्मिक पर्यटनको सुन्दर समिश्रण यो परियोजना वास्तबमै सुदूरपश्चिम प्रदेश विकासका लागि एक कोसेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ ।

स्रोत: सम्बन्धित आयोजना

५.३ वित्तीय सेवा

समीक्षा वर्षमा सुदूरपश्चिम प्रदेशमा वाणिज्य बैंकका ३३३, विकास बैंकका ५१, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४५४ गरी जम्मा ८४४ शाखा सञ्चालनमा छन् । यसमध्ये कैलाली जिल्लामा सबैभन्दा बढी ३५० तथा बाजुरा जिल्लामा सबैभन्दा कम २७ शाखा सञ्चालनमा रहेका छन् । गत वर्ष सोही अवधिमा यस प्रदेशमा वाणिज्य बैंकका ३३३, विकास बैंकका ५२, वित्त कम्पनीका ६ तथा लघुवित्त वित्तीय संस्थाका ४६४ गरी जम्मा ८५५ वटा बैंक तथा वित्तीय संस्थाका शाखाहरु सञ्चालनमा रहेका थिए ।

तालिका ५.१ : बैंक तथा वित्तीय संस्थाका शाखाको जिल्लागत उपस्थिति (२०८३ असार मसान्त)

विवरण	वाणिज्य बैंक	विकास बैंक	वित्त कम्पनी	लघु वित्त वित्तीय संस्था	जम्मा
बाजुरा	१३	१	०	१३	२७
बझाङ	२१	१	०	१९	४१
दार्चुला	२२	२	०	१२	३६
बैतडी	२२	२	०	२२	४६
डडेल्धुरा	२४	१	०	२९	५४
डोटी	१९	१	०	३१	५१
अछाम	१८	३	०	३५	५६
कैलाली	१३२	२९	५	१८४	३५०
कञ्चनपुर	६२	११	१	१०९	१८३
जम्मा	**३३३**	**५१**	**६**	**४५४**	**८४४**

स्रोत: नेपाल राष्ट्र बैंक ।

५.३.१ निक्षेप तथा कर्जा

२०८३ असारमसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८२ असारमसान्तको तुलनामा १८.५६ प्रतिशतले बढ्न गई रु. २ खर्ब ६ अर्ब ९ करोड ९५ लाख पुगेको छ। गत वर्ष सोही अवधिमा यस्तो निक्षेप १६.३० प्रतिशतले वृद्धि भएको थियो ।

२०८३ असारमसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०८२ असारमसान्तको तुलनामा ३.८२ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ६३ अर्ब ४१ करोड २८ लाख पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २.९८ प्रतिशतले वृद्धि भएको थियो ।

चार्ट ५.२ : निक्षेप तथा कर्जाको अवस्था (रु. अर्बमा)



समीक्षा वर्षसम्ममा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको निक्षेपमा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ४८.५० प्रतिशत र बाजुरा जिल्लाको अंश सबैभन्दा कम अर्थात् २.६४ प्रतिशत रहेको छ। त्यसैगरी, समीक्षा वर्षसम्ममा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा कैलाली जिल्लाको अंश सबैभन्दा बढी अर्थात् ६८.३७ प्रतिशत र बाजुरा जिल्लाको सबैभन्दा कम अर्थात् ०.९७ प्रतिशत प्रतिशत रहेको छ।

तालिका ५.२ : जिल्लागत निक्षेप तथा कर्जाको अवस्था (रु.दश लाखमा)

जिल्ला	निक्षेप तथा कर्जा (रु.दश लाखमा)		हिस्सा (प्रतिशत)	
	निक्षेप	कर्जा	निक्षेप	कर्जा
बाजुरा	५,४४२.७१	१,५८०.३५	२.६४	०.९७
बझाङ	६,८६१.१४	२,१८५.०७	३.३३	१.३४
दार्चुला	८,५०७.७५	२,४४४.२८	४.१३	१.५०
बैतडी	९,७७०.२७	२,२४२.७७	४.७४	१.३७
डडेल्धुरा	११,५०३.७८	४,८७४.३१	५.५८	२.९८
डोटी	८,९०९.१६	३,००६.७२	४.३२	१.८४
अछाम	८,२२४.२९	२,७९७.०२	३.९९	१.७१
कैलाली	९९,९८५.६१	१११,७२९.३८	४८.५०	६८.३७
कञ्चनपुर	४६,९२१.८३	३२,५५२.९४	२२.७७	१९.९२
जम्मा	**२०६,०९९.५३**	**१६३,४१२.८४**	**१००.००**	**१००.००**

स्रोत: नेपाल राष्ट्र बैंक ।

५.३.२ वित्तीय समावेशीता तथा विविध कर्जा

२०८३ असार मसान्तसम्म कुल निक्षेपकर्ताको संख्या २०८२ असार मसान्तको तुलनामा ५.०४ प्रतिशतले बढ्न गई ४३ लाख १३ हजार ६ सय २५ पुगेको छ भने कुल ऋणीको संख्या गत आ.व.को तुलनामा ६.५९ प्रतिशतले बढ्न गई १ लाख १२ हजार ५ सय ७३ पुगेको देखिन्छ ।

चार्ट ५.३ : निक्षेपकर्ता तथा ऋणीहरुको संख्या



स्रोत: नेपाल राष्ट्र बैंक ।

२०८३ असार मसान्तसम्म विपन्न वर्ग कर्जा २०८२ असार मसान्तको तुलनामा ६.०३ प्रतिशतले घट्न गई ७ अर्ब ५७ करोड पुगेको छ । गत वर्ष सोही अवधिमा यस्तो कर्जा ३०.२२ प्रतिशतले घट्न गएको थियो ।

५.४ फण्ड ट्रान्सफर (तोडा चलान)

आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशका नौं जिल्लामा रहेका नोटकोषहरु (आठ वटा राष्ट्रिय वाणिज्य बैंकमा रहेको तथा एउटा नेपाल बैंकमा रहेको) मा यस कार्यालयबाट कुल रकम रु. ७ अर्ब ७१ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषहरुमा रु. ८ अर्ब ५४ करोड फण्ड ट्रान्सफर भएको थियो ।

चार्ट ५.४ : जिल्लागत फण्ड ट्रान्सफरको अवस्था (रु. करोडमा)



स्रोत : नेपाल राष्ट्र बैंक धनगढी कार्यालय ।

५.५ यातायात तथा सञ्चार

५.५.१ यातायात:

आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशमा कुल १५ हजार ५ सय ६ यातायातका साधन दर्ता भएका छन् जुन अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा ५.३३ प्रतिशतले बढी रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशमा जम्मा १२ हजार २ सय ३१ मोटरसाईकल दर्ता भएका छन् भने अन्य सवारी साधन ३ हजार २ सय ७५ दर्ता भएका छन् । पछिल्लो समय डडेल्धुरा र डोटी जिल्लास्थित यातायात व्यवस्था कार्यालयहरुमा समेत यातायातका साधनको दर्ता सुरु भएको तथा दुई पाङ्ग्रे सवारी साधनको बढ्दो प्रयोग लगायतका कारणले सवारी साधनको संख्यामा वृद्धि भएको देखिन्छ ।

तालिका ५.३ : वार्षिक रुपमा दर्ता भएका यातायात साधनको संख्या

विवरण	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	गत अवधिको प्रतिशत परिवर्तन	समीक्षा अवधिको प्रतिशत परिवर्तन
यातायातका साधनको संख्या	१०,८९९	१४,७२१	१५,५०६	३५.०७	५.३३
मोटरसाईकल	७,७१८	१०,९३१	१२,२३१	४१.६३	११.८९
अन्य	३,१८१	३,७९०	३,२७५	१९.१४	-१३.५९

स्रोत: यातायात व्यवस्था कार्यालयहरु ।

५.५.२ सञ्चारः

२०८२ असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा नेपाल टेलिकमबाट वितरित ल्याण्डलाईन टेलिफोन तथा मोबाईलको संख्या गत वर्षको तुलनामा ७.३ प्रतिशत वृद्धि भई ३१ लाख ७३ हजार ५ सय ६३ पुगेको छ भने इन्टरनेट प्रयोगकर्ताको संख्यामा ७.३० प्रतिशतले वृद्धि भई ३१ लाख ९५ हजार ७ सय ९५ पुगेको छ ।

तालिका ५.४ : सञ्चार सुविधा

वितरित टेलिफोन संख्या	आ.व. २०८१/८२	आ.व. २०८२/८३	प्रतिशत परिवर्तन
स्थाई (फिक्स्ड)	१०,४९८	१०,८८०	३.६४
मोबाइल	२,९४४,३६८	३,१५९,०२९	७.२९
अन्य	२,८४९	३,६५४	२८.२६
कुल जम्मा	**२,९५७,७१५**	**३,१७३,५६३**	**७.३०**
ईन्टरनेट सेवा	**आ.व. २०८१/८२**	**आ.व. २०८२/८३**	**प्रतिशत परिवर्तन**
Fixed Broadband (Wired)	३०,३१७	३२,७५२	८.०३
Fixed Broadband (Wireless)	३,६६५	४,०१४	९.५२
Mobile Broadband	२,९४४,३६८	३,१५९,०२९	७.२९
कुल जम्मा	**२,९७८,३५०**	**३,१९५,७९५**	**७.३०**

स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण क्षेत्रीय कार्यालय अत्तरिया, कैलाली ।

५.६ शिक्षा तथा स्वास्थ्य

५.६.१ शिक्षा :

आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्ममा सुदूरपश्चिम प्रदेशमा सरकारी, निजी एवं सामुदायिक विद्यालय, प्राविधिक शिक्षालय, त्रिभुवन विश्वविद्यालय अर्न्तगत रहेका आंगिक क्याम्पस र सुदूरपश्चिम विश्वविद्यालय तथा सो अन्तर्गतका आंगिक क्याम्पस गरी कुल ४,३४६ वटा शैक्षिक संस्थाहरु संचालनमा रहेका छन् । आर्थिक वर्ष २०८२/८३ मा सबै किसिमका अध्ययन संस्थाहरुमा गरी कुल ७ लाख ६२ हजार ६ सय ८३ विद्यार्थीहरु अध्ययनरत रहेका छन् भने उक्त संस्थाहरुमा कुल २४ हजार ७ सय ८० जना शिक्षक/प्राध्यापकहरुले अध्यापन गराउँदै आएका छन् ।

तालिका ५.५ : शैक्षिक तथ्याङ्क

विवरण	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	गत अवधिको प्रतिशत परिवर्तन	समीक्षा अवधिको प्रतिशत परिवर्तन
विद्यालय/क्याम्पस संख्या	४,४१४	४,३८८	४,३४६	-०.५९	-०.९६
विद्यार्थी संख्या	८,८२,१५७	७,९२,३८२	७,६२,७८३	-११.३३	-३.८८
शिक्षक/प्राध्यापक संख्या	२१,७७६	२५,०२७	२४,७८०	१२.९९	-०.९९

स्रोतः जिल्ला शिक्षा समन्वय ईकाइ, विश्वविद्यालयहरु ।

५.६.२ स्वास्थ्य सेवाः

आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्ममा यस प्रदेशमा निजी/सामुदायिक/सरकारी गरी कुल ६५ वटा अस्पतालहरु सञ्चालनमा रहेका छन् । उक्त अस्पतालहरुमा कुल २ हजार ४ सय ९८ शैंया रहेको र ४४८ जना चिकित्सकहरुले सेवा दिइरहेका छन् । चिकित्सा शिक्षा आयोगले पठनपाठनका लागि स्वीकृति दिँदै विभिन्न शैक्षिक कार्यक्रमका लागि सिट संख्या निर्धारण गरेसँगै कैलालीको गेटास्थित शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा शैक्षिकसत्र २०८३/८४ देखि पठनपाठन सुरु हुने भएको छ ।

तालिका ५.६ : स्वास्थ्य तथ्याङ्क

विवरण	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३	गत अवधिको प्रतिशत परिवर्तन	समीक्षा अवधिको प्रतिशत परिवर्तन
अस्पताल संख्या	५७	६३	६५	१०.५३	३.१७
चिकित्सक संख्या	३२९	४१३	४४८	२५.५३	८.४७
शैया संख्या	१४६३	२२१६	२४९८	५१.४७	१२.७३

स्रोत: जिल्ला स्वास्थ्य कार्यालयहरु ।

५.७ सेवा क्षेत्र कर्जा

२०८३ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०८२ असार मसान्तको तुलनामा ४.६७ प्रतिशतले बढेर रु. १ खर्ब २० अर्ब ७ करोड ३५ लाख पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ३.६२ प्रतिशतले बढेको थियो । कुल प्रवाहित कर्जामध्ये सेवा क्षेत्रमा गएको कर्जाको अंश ७३.४८ प्रतिशत रहेको छ । समीक्षा वर्षमा कुल सेवा क्षेत्र कर्जामध्ये उपभोग्य कर्जामा ३८.४६ प्रतिशत, थोक तथा खुद्रा विक्रेता सम्बन्धी व्यवसायमा ३७.८३ प्रतिशत, अन्य व्यवसायमा प्रवाहित कर्जा ७.२४ प्रतिशत, शिक्षा क्षेत्रमा ४.७३ प्रतिशत, पर्यटनमा ३.१५, रियल स्टेटमा २.७२ प्रतिशत, यातायात भण्डारण र संचारमा १.७५ प्रतिशत, स्वास्थ्य र अन्य सामाजिक कार्यमा १.६८ प्रतिशत, अन्य सेवा व्यवसायमा १.५५ प्रतिशत तथा वित्त, र बीमा तथा अचल सम्पतिमा ०.९१ प्रतिशत अंश रहेको छ ।

२०८३ असारमसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल सेवा क्षेत्र कर्जामध्ये कैलाली जिल्लाको अंश ६६.१६ प्रतिशत, कञ्चनपुर जिल्लाको अंश २०.७५ प्रतिशत, डडेल्धुरा, डोटी, अछाम, दार्चुला, बैतडी, बझाङ तथा बाजुरा जिल्लाको अंश क्रमशः ३.३१ प्रतिशत, २.१० प्रतिशत, २.०० प्रतिशत, १.६४ प्रतिशत, १.५१ प्रतिशत, १.४६ प्रतिशत र १.०७ प्रतिशत रहेको छ ।

तालिका ५.७ : सेवा क्षेत्रमा प्रवाह भएको कर्जाको जिल्लागत हिस्सा

जिल्ला	सेवा क्षेत्र कर्जा (रु. अर्बमा)	सेवा क्षेत्र कर्जा (हिस्सा प्रतिशतमा)
बाजुरा	१.२९	१.०७
बझाङ	१.७५	१.४६
दार्चुला	१.९७	१.६४
बैतडी	१.८१	१.५१
डडेल्धुरा	३.९७	३.३१
डोटी	२.५२	२.१०
अछाम	२.४०	२.००
कैलाली	७९.४४	६६.१६
कञ्चनपुर	२४.९२	२०.७५
जम्मा	**१२०.०७**	**१००.००**

स्रोत: नेपाल राष्ट्र बैंक ।

५.८ सहकारी

सुदूरपश्चिम प्रदेशमा रहेका सहकारीहरुमध्ये प्रत्येक जिल्लाहरुबाट एक/एक वटा र कैलाली जिल्लाको थप एक गरी कुल १० वटा सहकारीहरु नमुना छनोट गरी अध्ययन गर्दा देहाय बमोजिमको अवस्था रहेको पाईयो ।

तालिका ५.८ : नमुना छनौट गरिएका सहकारीहरुको वित्तीय स्थिति

विवरण	आ.व.२०८०/८१ (असार मसान्त)	आ.व.२०८१/८२ (असार मसान्त)	आ.व.२०८२/८३ (असार मसान्त)	गत अवधिको प्रतिशत परिवर्तन	समीक्षा अवधिको प्रतिशत परिवर्तन
कुल पुँजी (रु. दश लाखमा)	१०१७.१७	११६७.३०	१३४०.९९	१४.७६	१४.८८
कुल बचत(रु. दश लाखमा)	५५९८.९१	६००८.८७	६४१०.३०	७.३२	६.६८
कुल ऋण (रु. दश लाखमा)	४७४६.९४	५०२४.१८	५१९६.३६	५.८४	३.४३
सदस्य संख्या	५०५२३	५५०९५	६०१२०	९.०५	९.१२
कर्मचारी संख्या	१७९	१८८	१९५	५.०३	३.७२
संस्था संख्या	१०	१०	१०		

स्रोत : जिल्लास्थित सम्बन्धित सहकारीहरु ।

समीक्षा वर्षमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुको कुल पुँजी गत वर्षको तुलनामा १४.८८ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ३४ करोड ०९ लाख पुगेको छ । गत वर्ष यस्तो पुँजी १४.७६ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १६ करोड ७३ लाख पुगेको थियो । यसैगरी, कुल बचत गत वर्षको तुलनामा ६.६८ प्रतिशतले बढ्न गई रु.६ अर्ब ४१ करोड ०३ लाख पुगेको छ । गत वर्ष यस्तो बचत ७.३२ प्रतिशतले वृद्धी भई रु.६ अर्ब ८८ लाख पुगेको थियो । यसैगरी समीक्षा वर्षमा नमुना छनौटमा परेका १० वटा सहकारीहरुले प्रवाह गरेको कुल ऋण गत वर्षको तुलनामा ३.४३ प्रतिशतले वृद्धि भई रु.५ अर्ब १९ करोड ६३ लाख पुगेको छ । गत वर्ष यस्तो ऋण ५.८४ प्रतिशतले वृद्धि भई ५ अर्ब ०२ करोड ५१ लाख पुगेको थियो ।

समीक्षा वर्षमा छनौट गरिएका सहकारी संस्थाका सदस्यहरुको संख्या ९.१२ प्रतिशत र सहकारी संस्थामा काम गर्ने कर्मचारीको संख्या ३.७२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा सदस्य संख्या ९.०५ प्रतिशतले तथा कर्मचारी संख्या ५.०३ प्रतिशतले वृद्धि भएको थियो ।

५.९ सेवा क्षेत्रको चुनौती र सम्भावना

५.९.१ चुनौती:

१. पर्यटकस्तरीय होटल तथा लज, सडक, सुरक्षा व्यवस्था तथा अन्य पर्यटन व्यवसायको लागि आवश्यक पूर्वाधारको विकास गरी आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई अवधि तथा खर्चमा अभिवृद्धि गर्नुका साथै आन्तरिक रोजगारी प्रर्वद्धन गर्नु ।
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य, यातायात, विद्युत र सञ्चार सेवाको अभावमा शहर केन्द्रित बसाईसराईको दर उच्च रहेकोले भौगोलिक रुपमा बिकट र पिछडिएको दुर्गम क्षेत्रमा सेवाको सहज पहुँच सुनिश्चित गर्नु ।
३. वित्तीय चेतना तथा पँहुच अभिवृद्धि गरी वित्तीय अपराध तथा अनौपचारिक कारोबार न्यूनीकरण गर्नु ।
४. सुदूरपश्चिममा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय क्षेत्रहरुमा आवश्यक पूर्वाधारहरुको विकास तथा प्रवर्द्धनमार्फत आन्तरिक एवं बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थलहरुको पहिचान तथा विकास गर्नु ।
५. बैंक तथा वित्तीय संस्था र सहकारी क्षेत्रबाट प्रवाह हुने कर्जाको गुणस्तर अभिवृद्धि गरी उत्पादनमुखी क्षेत्रमा परिचालन गर्नुका साथै खराब कर्जा न्यूनीकरण गर्नु ।
६. सार्वजनिक सेवा प्रवाहलाई छिटो-छरितो, भरपर्दो माध्यमबाट सर्वसुलभ, गुणस्तरीय र प्रभावकारी बनाउनु ।
७. सिप विकास कार्यक्रम, सामाजिक सुरक्षा, उद्योग तथा व्यापार विकासमार्फत स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी कामको खोजीमा विदेश पलायन हुने प्रवृत्तिलाई निरुत्साहित गर्नु ।
८. बचत तथा ऋण सहकारी संस्थाहरु प्रति जनविश्वास कायम राख्न उचित नियमन तथा सुपरिवेक्षण गर्ने संयन्त्रको विकास गर्नु ।

५.९.२ सम्भावनाः

१. बैकिङ्ग क्षेत्रमा निक्षेप संकलन तथा तरलता उच्च रहेकाले कर्जा लगानीमा वृद्धि गरी आर्थिक गतिविधि तथा रोजगारीका अवसरहरु बढाउन सकिने ।
२. प्रदेशका सबै स्थानीय तहहरुमा बैंक शाखाहरुको उपस्थिति संगै वित्तीय पहुँच विस्तारले बैंकिङ्ग बानीको विकास हुन गई बचत तथा कर्जा लगानी वृद्धि गर्न सकिने सम्भावना रहेको ।
३. बैंक तथा वित्तीय संस्थाहरु, लघुवित्त र सहकारी सेवाको विस्तारमार्फत आधारभुत वित्तीय साक्षरता र सचेतना अभिवृद्धि भई वित्तीय प्रागाढता तथा समावेशिकरणमा टेवा पुग्नुका साथै वित्तीय अपराध न्युनीकरणमा सहयोगी हुन सक्ने ।
४. सुदूरपश्चिमका विभिन्न धार्मिक, सांस्कृतिक र ऐतिहासिक धरोहरहरुको पहिचान, संरक्षण र प्रवर्द्धन गर्न सके आन्तरिक एवम् बाह्य पर्यटकको आगमनमा वृद्धि भई प्रदेशको आर्थिक विकास एवम् रोजगारीमा टेवा पुग्न सक्ने ।
५. कैलालीको गेटामा सहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालयको सञ्चालन पश्चात गुणस्तरीय स्वास्थ्य शिक्षा, दक्ष जनशक्तिको उत्पादन तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुने ।
६. समिक्षा अवधिमा भएको घरजग्गा कारोबारको वृद्धिले अन्य क्षेत्र तथा आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्न सक्ने ।

परिच्छेद ६: पूर्वाधार र रोजगारी

६.१ पूर्वाधार क्षेत्र

२०८२ फागुनसम्ममा राष्ट्रियरुपमा विद्युतको पहुँच (वैकल्पिक ऊर्जा समेत) पुगेको जनसंख्या ९९.१ प्रतिशत रहेको छ भने सुदूरपश्चिम प्रदेशमा यस्तो जनसंख्या ८७.३ प्रतिशत रहेको छ। त्यसैगरी, सोही अवधिसम्ममा कुल राष्ट्रिय विद्युत् उत्पादन ३ हजार ९ सय ९७ मेगावाट रहेको छ भने सुदूरपश्चिम प्रदेशमा जम्मा १६९ मेगावाट[1] विद्युत उत्पादन भएको छ। प्रदेशमा बुढीगंगा, पञ्चेश्वर, सेती र अपर चमेलिया जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन भएको छ। दार्चुला स्थित ६.९७ मेगावाट क्षमताको नौगाड जलविद्युत आयोजना र बैतडी जिल्लास्थित ७.७१ मेगावाट क्षमताको अपर सुर्नयागाड जलविद्युत आयोजनाको प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन सहित विस्तृत सम्भाव्यता अध्ययन कार्य भइरहेको छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले कुल ५३९ किलोमिटर सडक निर्माण गरेकोमा आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म यस प्रदेशमा जम्मा ५६ किलोमिटर सडक निर्माण भएको छ। यसमा ११ कि.मि. कालोपत्रे पक्की सडक, २६ कि.मि खण्डास्मित (ग्रावेल) सडक र १९ कि.मि माटे सडक रहेको छ।

तालिका ६.१ : प्रदेशबाट निर्माण गरिएको सडक (कि.मि.) को विवरण

सडकको प्रकार	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१	आ.व. २०८१/८२	आ.व. २०८२/८३*
कालोपत्रे सडक	९०	१०८	२४४	१५१	११
खण्डास्मित (ग्रावेल सडक)	४७४	१८६	३४५	१५३	२६
माटे सडक	०	१२३	९०	२३५	१९
जम्मा	**५६४**	**४१७**	**६७९**	**५३९**	**५६**

***चैत्र मसान्तसम्म**

स्रोत: आर्थिक सर्वेक्षण २०८२/८३ आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश।

६.२ प्रदेशका ठुला परियोजनाहरुको स्थिति

(क) महाकाली सिँचाइ आयोजना

कञ्चनपुर जिल्लामा अवस्थित महाकाली सिँचाइ आयोजना नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७/०८/३० को निर्णय बमोजिम राष्ट्रिय गौरवको आयोजनामा स्तरोन्नति भएको हो। यस आयोजनाको पानीको मूल स्रोत महाकाली (टनकपुर ब्यारेज) नदी रहेको छ। सन् १९९६ मा नेपाल र भारत बिच भएको सम्झौता (Mahakali Integrated Development Treaty) अनुरुप नेपालले टनकपुर ब्यारेजबाट हिँउदमा ३०० क्यूसेक र गर्मी याममा १,००० क्यूसेक पानी पाउने व्यवस्था रहेको छ।

[1] *आर्थिक सर्वेक्षण २०८२/८३ सुदूरपश्चिम प्रदेश*

यस आयोजनाबाट कैलाली र कञ्चनपुर जिल्लाको ३३,५२० हेक्टर कृषियोग्य भूमिमा दिगो र भरपर्दो रुपमा सिँचाइ सुविधा उपलब्ध गराई कृषकको आय आर्जनमा वृद्धि गरी लगभग १,३५,००० नागरिकको जीवनस्तर सुधार गर्ने अपेक्षा राखिएको छ । वि.सं. २०८७/८८ मा सम्पन्न हुने लक्ष्य लिइएको उक्त आयोजनाको अनुमानित कुल लागत ३५ अर्ब रहेको छ । समीक्षा अवधिसम्म ३,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध भएको छ । हाल तेस्रो चरणको निर्माण कार्यहरु भईरहेको छ । हालसम्म ३३ किलोमिटर मूल नहर र १८ कि.मि.शाखा नहर निर्माण कार्य भएको छ । महाकाली सिँचाइ आयोजनाको कार्यालयले उपलब्ध गराएको विवरण बमोजिम २०८३ असार मसान्तसम्म उक्त आयोजनाको भौतिक प्रगति ३० प्रतिशत र वित्तीय प्रगति पनि ३०.६९ प्रतिशत रहेको छ । आयोजनाद्वारा नहर तथा नहर संरचना निर्माणका लागि खरिद सम्झौता भएका ठेक्काहरुमा रोजगारीका अवसरहरु सिर्जना भएका छन् ।

(ख) रानीजमरा कुलरिया सिँचाइ आयोजना



सुदूरपश्चिम प्रदेशस्थित राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कुल लागत २७.७० अर्ब अनुमान गरी आर्थिक वर्ष २०६६/६७ बाट निर्माण कार्य सुरु भई २०८०/८१ मा परियोजना सम्पन्न गर्ने लक्ष्य रहेको थियो । हाल आयोजनाको लागत संशोधन गरी ५१.३४ अर्ब भएको तथा आर्थिक वर्ष २०८७/८८ मा परियोजना सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस सिँचाइ आयोजनाको २०८३ असारमसान्तसम्मको (संशोधित लागतमा) भौतिक प्रगति ७५.५ प्रतिशत र वित्तीय प्रगति ७२.१७ प्रतिशत रहेको छ ।

आयोजनाको निर्माण कार्य सम्पन्न भएपश्चात् करिब १४ हजार ३ सय हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध हुनेछ भने यसबाट करिब २३ हजार ६ सय २२ घरधुरीका १ लाख ४२ हजार ३ सय ६६ जनसंख्या प्रत्यक्ष लाभान्वित हुने छन् । यसका अलावा पूर्व पश्चिम राजमार्गको समानान्तर पश्चिमतर्फ लम्की सिँचाइ शाखा नहरबाट पथरैया नदीसम्मको थप करिब ६ हजार हेक्टरमा र दिर्घकालमा काद्रा नदीसम्मको थप १८ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य लिइएको छ । समग्र सिञ्चित क्षेत्र ३७ हजार ८ सय हेक्टर रहने भएपनि हाल नेपाल सरकारबाट स्वीकृत गुरुयोजना अनुसार २० हजार ३ सय हेक्टर क्षेत्रफलको सिँचाइ योजना निर्माण आर्थिक वर्ष २०८०/८१ सम्म सम्पन्न गर्ने लक्ष्य राखिएकोमा २०८३ असार मसान्तसम्म ११ हजार ९ सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको छ । उक्त आयोजनामा हाल ७५ जना पुरुष तथा १३ जना महिला गरी जम्मा ८८ जनाले रोजगारी पाएका छन् ।

(ग) महाकाली पुल आयोजना

महाकाली नदीमा २३.८ मि. चौडाई भएको चार लेनको ८०० मि. पुल निर्माण गर्ने मुख्य लक्ष्य रहेको यस आयोजनको कुल लागत रु.३ अर्ब ७७ करोड रहेको छ। त्यसैगरी ४ लेन र २ सर्भिस लेनको पक्की RCC नाली सहित ७.८ कि.मि. पहुँच सडक, पहुँच सडकमा पर्ने पुल, नदी नियन्त्रण कार्य र पुलको दायाँ र बायाँ दुबै तर्फ ५.६ कि.मि. तटबन्ध निर्माण गरी Landscaping and Pond Development गर्ने समेत आयोजनाको लक्ष्य रहेको छ। यस आयोजनाको निर्माण कार्य २०७४ साल भाद्र ७ गतेबाट सुरु भएको हो भने २०८१ कात्तिक २२ भित्र सम्पन्न (म्याद थप गर्ने पक्रियामा रहेको) गर्ने लक्ष्य लिईएकोमा हाल आयोजनाको ९५ प्रतिशत प्रगति भएको छ जसमा वित्तीय प्रगति ९२.५ प्रतिशत रहेको छ। यस परियोजनाको सहायक परियोजनाहरुमा राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गमा पुल निर्माण कार्य र स्थानीय सडक पुल निर्माण कार्य रहेका छन्।

६.३ प्रदेश गौरवका योजनाहरुको स्थिति

सुदूरपश्चिम प्रदेश सरकारले सवै ९ जिल्लामा एक/एकवटा सडक आयोजनाहरु छनौट गरी प्रदेश गौरवका सडक आयोजनाको रुपमा निर्माण कार्य सञ्चालनमा रहेका छन्। यसबाट सुदूरपश्चिम प्रदेशमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माण भई निजी क्षेत्रलाई आर्थिक विकासमा पछाडि परेका जिल्ला तथा क्षेत्रहरुमा लगानीका लागि प्रोत्साहित गरी रोजगारी प्रवर्द्धन गर्नमा सहयोग पुग्ने देखिन्छ।

तालिका ६.२ : प्रदेश गौरवका आयोजनाहरुको प्रगति विवरण

क्र.सं.	जिल्ला	आयोजनाको नाम	२०८३ असार मसान्तसम्मको अवस्था
१.	बाजुरा	खप्तड-मार्तडी सडक (सिङ्गडा-जय बागेश्वरी गैरीखाँद डोगडी आटीचौर-मार्तडी सडक)	जम्मा ६८.९१ कि.मि. सडकमध्ये हाल ६० कि.मि. सडक निर्माण भैसकेकोले ८७.०७ प्रतिशत भौतिक प्रगति तथा २८.२६ प्रतिशत वित्तीय प्रगति रहेकोमा ४,७९७ जनाले रोजगारी प्राप्त गरेको।
२.	बैतडी	सतबाज-श्रीभावर-हाट-दार्चुला सडक	जम्मा ६६.६७ कि.मि. सडकमध्ये हाल ११.५ कि.मि. सडक निर्माण भैसकेकोले १७.२५ प्रतिशत भौतिक प्रगति तथा ३७.२४ प्रतिशत वित्तीय प्रगति रहेकोमा ३,३०० जनाले रोजगारी प्राप्त गरेको।
३.	अछाम	चिसापानी-ऋषिदह-वडिमालिका सडक	जम्मा १२१.२७ कि.मि. सडकमध्ये हाल ५८.५ कि.मि. सडक निर्माण भैसकेकोले ४८.२४ प्रतिशत भौतिक प्रगति तथा १८.३० प्रतिशत वित्तीय प्रगति रहेकोमा ५,४८९ जनाले रोजगारी प्राप्त गरेको।
४.	डडेल्धुरा	दैजी-पोखरा-ढुङ्गाड-बभ्काङ सडक	जम्मा १४५.०६ कि.मि. सडकमध्ये हाल ७० कि.मि. सडक निर्माण भैसकेकोले ४८.२६ प्रतिशत भौतिक प्रगति तथा १६.६० प्रतिशत वित्तीय प्रगति रहेकोमा ७२० जनाले रोजगारी प्राप्त गरेको।
५.	दार्चुला	खलङ्गा-खार-देथला-पारीबगर-खण्डेश्वरी सडक	जम्मा ९४.९३ कि.मि. सडकमध्ये हाल ९.७८ कि.मि. सडक निर्माण भैसकेकोले १०.३१ प्रतिशत भौतिक प्रगति तथा ७.०८ प्रतिशत वित्तीय प्रगति रहेकोमा ९५० जनाले रोजगारी प्राप्त गरेको।

६.	बझाङ	दिपायल-साईपाल सडक	जम्मा ५६ कि.मि. सडकमध्ये हाल १२ कि.मि. सडक निर्माण भैसकेकोले २१.४३ प्रतिशत भौतिक प्रगति तथा ५.५९ प्रतिशत वित्तीय प्रगति रहेकोमा १,२५० जनाले रोजगारी प्राप्त गरेको ।
७.	डोटी	सहजपुर-बोक्टान-दिपायल सडक	जम्मा १५० कि.मि. सडकमध्ये हाल १०५.५ कि.मि. सडक निर्माण भैसकेकोले ७०.३३ प्रतिशत भौतिक प्रगति तथा १६.२० प्रतिशत वित्तीय प्रगति रहेकोमा ५४० जनाले रोजगारी प्राप्त गरेको ।
८.	कञ्चनपुर	बेलौरी-कलुवापुर-नाइल-बुडर	जम्मा ८६.१४ कि.मि. सडकमध्ये हाल ११ कि.मि. सडक निर्माण भैसकेकोले १२.७७ प्रतिशत भौतिक प्रगति तथा ५.९० प्रतिशत वित्तीय प्रगति रहेकोमा ५५० जनाले रोजगारी प्राप्त गरेको ।
९.	कैलाली	भजनी-छोटी भन्सार खेमडी ठुलीगाड सडक	जम्मा ६० कि.मि. सडकमध्ये हाल ३.२ कि.मि. सडक निर्माण भैसकेकोले ५.३३ प्रतिशत भौतिक प्रगति तथा ४.६१ प्रतिशत वित्तीय प्रगति रहेकोमा २,०५० जनाले रोजगारी प्राप्त गरेको ।

स्रोत: भौतिक पूर्वाधार मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।

विगत केही वर्षको तथ्याङ्क विश्लेषण गर्दा सुदूरपश्चिम प्रदेशमा गौरव आयोजनाहरुको प्रगति सन्तोषजनक रुपमा अघि बढेको देखिदैन । यद्यपि, प्रदेश गौरव आयोजनाहरु सुदूरपश्चिम प्रदेशको समग्र विकास जस्तै आर्थिक तथा पूर्वाधार विकास, शिक्षा र स्वास्थ्य, पयर्टन प्रर्वद्धन, सामाजिक एकता र समृद्धि, कृषि र ग्रामीण विकास र रोजगारी सिर्जना आदिका लागि अत्यन्तै महत्वपूर्ण छन् । यी आयोजनाहरुले गति लिन सकेमा यस क्षेत्रको आर्थिक, सामाजिक, र सांस्कृतिक प्रगतिमा ठुलो योगदान हासिल गर्न सकिने सम्भावना रहेको छ ।

६.४ रोजगारी

(क) वैदेशिक रोजगारी :

आर्थिक वर्ष २०८२/८३ मा यस प्रदेशबाट ५६ हजार ९ सय ६१ जना पुरुष तथा ५ हजार ७ सय ७५ जना महिला गरी जम्मा ६२ हजार ७ सय ३६ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको देखिन्छ जुन समग्र देशभरिबाट श्रम स्वीकृति लिने संख्याको झण्डै ५.२३ प्रतिशत हुन आँउछ । समीक्षा वर्षमा यस प्रदेशबाट वैदेशिक रोजगारीमा जाने श्रमिकको संख्या गत आ.व.२०८१/८२ को तुलनामा ५३.७९ प्रतिशतले बढेको देखिन्छ ।[२]

(ख) आन्तरिक रोजगारी :

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ को प्रतिवेदन अनुसार सुदूरपश्चिम प्रदेशमा औषत बेरोजगारी दर समग्र नेपालको भन्दा ०.१ प्रतिशतले बढी रहेको छ । सबैभन्दा बढी बेरोजगार दर मधेश प्रदेशमा २०.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम ७.० प्रतिशत बागमती प्रदेशमा रहेको छ । सुदूरपश्चिम प्रदेशको बेरोजगारी दर ११.५ प्रतिशत रहेको छ । प्रादेशिक तुलनामा प्रति जनसंख्या रोजगारी दर सुदूरपश्चिम प्रदेशको सबैभन्दा कम २४.१ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०८२/८३ को फागुनमसान्तसम्म यस प्रदेशका स्थानीय तहहरु मध्ये ८७ स्थानीय तहहरुले प्रधानमन्त्री रोजगार कार्यक्रमको संघिय प्रणालीमा १ हजार ४ सय ४६ आयोजना प्रविष्टि गरेका थिए । छनौटमा परेका आयोजनाहरुमा प्रदेशका ७ हजार जना रोजगारीमा संलग्न भई श्रम बापत भुक्तानी प्राप्त गरेका थिए । कार्यक्रमबाट सिर्जित रोजगारीमा खटिएका व्यक्तिको औषत रोजगारी दिन ७८.५ रहेको छ ।

[२] *वैदेशिक रोजगार विभाग, वार्षिक श्रम स्वीकृति विवरण, आ.व.२०८२/८३ ।*

सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषबाट २०८२ को चैत्रमसान्तसम्म सञ्चालित ४ वटा स्वरोजगार उन्मुख व्यावसायिक र सिपमुलक तालिमहरुबाट ३७३ जना महिला र ३११ जना पुरुष गरी जम्मा ६८४ जना लाभान्वित भएका छन् ।

तालिका ६.३ : प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको अवस्था

प्रदेश	स्थानीय तहको संख्या	आयोजना प्रविष्ट गरेका स्थानीय तहको संख्या	आयोजना संख्या	रोजगारीमा संलग्न भई भुक्तानी प्राप्त व्यक्तिको संख्या	जम्मा रोजगारी दिन	औषत रोजगारी दिन
सुदूरपश्चिम	८८	८७	१४४६	७०००	५४९५७२	७८.५

स्रोत: आर्थिक सर्वेक्षण २०८२/८३ आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।

६.५ पूर्वाधार र रोजगारी क्षेत्रका चुनौती र सम्भावना

६.५.१ चुनौती:

१. ठुला आयोजनाहरुको सम्भाव्यता अध्ययन, निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पुँजी, प्रविधि, दक्ष जनशक्ति तथा लगानीको प्रबन्ध मिलाई पूर्व निर्धारित समयमै आयोजनाहरुको निर्माण कार्य सम्पन्न गर्नु ।
२. पूर्वाधार सम्बन्धी निर्णय प्रक्रियामा विभिन्न सरोकारवाला निकायहरुको सहभागिता, समन्वय, सहकार्य र स्वामित्व सुनिश्चित गरी पूर्वाधार निर्माण कार्यलाई अवरोध तथा विवादरहित सम्पन्न गर्नु र सम्पादित पूर्वाधारहरुको मर्मत तथा संरक्षण गर्नु ।
३. पूर्वाधार आयोजनाहरु निर्माण गर्नुपुर्व आयोजनाहरुको वातावरणीय प्रभाव मुल्यांकन गरी दिगो र वातावरणमैत्री बनाउनु ।
४. भौगोलिक विकटता तथा जलवायु परिवर्तनका कारणले हुने भू-क्षय, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्नु । प्राकृतिक प्रकोप (बाढी, पहिरो) को कारण पूर्वाधार निर्माण कार्य ढिलाई हुनुका साथै अनुमानित लागतको तुलनामा यथार्थ खर्चमा उल्लेख्य वृद्धि हुनु ।
५. यस प्रदेशबाट वैदेशिक रोजगारीमा जानेको युवाको संख्या प्रत्येक वर्ष उच्च दरमा वृद्धि हुँदै गईरहेको परिप्रेक्ष्यमा प्रदेश भित्रै पूर्वाधार निर्माण तथा उद्योग सञ्चालनका लागि आवश्यक दक्ष जनशक्तिको विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्नु ।

६.५.२ सम्भावना:

१. विद्युत उत्पादनमा उच्च क्षमता रहेको सुदूरपश्चिम प्रदेशमा विद्युत उत्पादनका आयोजनाहरुमा लगानी आकर्षित गरी रोजगारीका अवसर सिर्जना गर्न सकिने ।
२. राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजनाहरु समयमै सम्पन्न गर्न सके यस क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई पूर्वाधार र यातायातको सुविधामा सहज पहुँच हुनुका साथै स्थानीय उत्पादनलाई बजारीकरण गर्न समेत सहज भई आर्थिक क्षेत्र थप चलायमान बनाउन सकिने ।
३. वैदेशिक रोजगारीबाट फर्केका कामदारहरुले सिकेको सिप तथा प्राप्त पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गराउन आवश्यक सहुलियत तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्न सकेमा युवाहरुको विदेशिने प्रवृत्ति कम गर्न सकिने ।
४. यस प्रदेशभित्र रहेका धार्मिक स्थलहरुको पहिचान, विकास तथा प्रर्वद्धन गरी धार्मिक पर्यटनको विकास गर्न सकेमा पर्यटक गाईड, होटल रेस्टुँरा सञ्चालन तथा अन्य व्यापार व्यवसायको रुपमा रोजगारी सिर्जना गर्न सकिने ।
५. प्रदेश सरकार वा नेपाल सरकारबाट नविन सोच भएका नयाँ उद्यमी र लघु उद्यमीहरुलाई सिप विकास तालिम प्रदान गर्ने तथा लगानी प्रवर्द्धन गर्ने एकाईको स्थापना गर्न सके उद्यमशीलताको विकास भई युवा स्वरोजगार हुने सम्भावना रहेको ।

परिच्छेद ७: प्रादेशिक वित्त स्थिति

७.१ सुदूरपश्चिम प्रदेशको सरकारी वित्त स्थिति

आर्थिक वर्ष २०८२/८३ का लागि सुदूरपश्चिम प्रदेश सरकारले कुल रु.३३ अर्ब ४७ करोड बजेट विनियोजन गरेकोमा जम्मा २० अर्ब ७३ करोड खर्च भएको छ जुन कुल विनियोजनको ६१.९४ प्रतिशत हो । आ.व. २०८१/८२ मा विनियोजन भएको बजेटको ७०.१९ प्रतिशत खर्च भएको थियो ।

आर्थिक वर्ष २०८२/८३ मा चालु खर्चतर्फ रु.१३ अर्ब ६४ करोड विनियोजन भएकोमा रु.९ अर्ब १५ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ६७.०८ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ७५.४३ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजन भएको रु.१९ अर्ब ८३ करोडमध्ये रु.११ अर्ब ५८ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको ५८.४० प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ६६.६१ प्रतिशत रहेको थियो ।

सुदूरपश्चिम सरकारले आ.व. २०८२/८३ मा आन्तरिक राजस्व र राजस्व बाँडफाँड गरी कुल प्रदेश स्रोत रु.१९ अर्ब २७ करोड अनुमान गरेकोमा कुल रु.१२ अर्ब ९१ करोड परिचालन गरेको छ जुन कुल प्रदेश स्रोत अनुमानको ६७.०० प्रतिशत हो । आ.व.२०८२/८३ मा सुदूरपश्चिम सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपूरक गरी कुल रु.१४ अर्ब २० करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा समीक्षा वर्षमा कुल रु.७ अर्ब ८२ करोड अनुदान प्राप्त गरेको छ ।

तालिका ७.१ : सुदूरपश्चिम प्रदेशको बजेटको प्रगति विवरण

शीर्षक	आ.व. २०८१/८२		आ.व. २०८२/८३		प्रगति (प्रतिशत)	
	बजेट	यथार्थ	बजेट	यथार्थ	२०८१/८२	२०८२/८३
कुल बजेट विनियोजन (रु. अर्बमा)	३१.६३	२२.२	३३.४७	२०.७३	७०.१९	६१.९४
चालु खर्च (रु. अर्बमा)	१२.९	९.७३	१३.६४	९.१५	७५.४३	६७.०८
पूँजीगत खर्च (रु. अर्बमा)	१८.७२	१२.४७	१९.८३	११.५८	६६.६१	५८.४०
प्रदेश स्रोत जम्मा* (रु. अर्बमा)	१७.७९	१३.२९	१९.२७	१२.९१	७४.७०	६७.००
संघ अनुदान जम्मा (रु. अर्बमा)	१३.८३	८.९१	१४.२०	७.८२	६४.४३	५५.०७

**आन्तरिक राजस्व र राजस्व बाँडफाँट गरी जम्मा ।*

स्रोत: आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश सरकार ।

७.२ स्थानीय तहहरुको वित्त स्थिति

आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशमा रहेका ८८ वटा स्थानीय तहहरुमध्ये ५ वटा ठूला स्थानीय तहहरु छनौट गरी अध्ययन गरिएको छ । समीक्षा वर्षमा छनौटमा परेका स्थानीय तहहरुमा कुल रु.७ अर्ब २४ करोड बजेट विनियोजन भएकोमा रु.४ अर्ब ४७ करोड खर्च भएको छ जुन कुल विनियोजित बजेटको ६१.७८ प्रतिशत हुन आउँछ । यस्तो बजेट गत आर्थिक वर्षमा रु.६ अर्ब १६ करोड विनियोजन भएकोमा रु.४ अर्ब ८५ करोड खर्च भएको थियो जुन कुल विनियोजित बजेटको ७८.७२ प्रतिशत हुन आँउछ ।

तालिका ७.२ : स्थानीय तहहरुमा भएको बजेट विनियोजन तथा कार्यान्वयनको अवस्था (रु. अर्बमा)

स्थानीय निकाय	आ.व.२०८१/८२		आ.व.२०८२/८३		प्रगति (प्रतिशत)	
	बजेट	यथार्थ	बजेट	यथार्थ	२०८१/८२	२०८२/८३
धनगढी उपमहानगरपालिका	२.२२	१.६४	२.५८	१.५८	७४.१०	६१.४५
गोदावरी नगरपालिका	०.६९	०.४५	१.२६	०.२३	६४.७३	१८.१७
लम्कीचुहा नगरपालिका	१.११	०.९२	१.२२	०.९२	८२.१५	७५.१२
भिमदत्त नगरपालिका	१.५६	१.३४	१.५७	१.२४	८५.३५	७८.४६
दोधारा चादनी नगरपालिका	०.५७	०.५०	०.६०	०.५१	८८.८३	८४.१९
जम्मा	**६.१६**	**४.८५**	**७.२४**	**४.४७**	**७८.७२**	**६१.७८**

स्रोतः सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।

समीक्षा वर्षमा छनौटमा परेका स्थानीय तहहरुको बजेट कार्यान्वयनको अवस्था हेर्दा धनगढी उप-महानगरपालिकाले भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटनमा विनियोजित बजेटको क्रमशः ४६.६१, ५८.४४, ५२.९९ र ३४.९७ प्रतिशत खर्च गरेको छ । त्यसैगरी, लम्कीचुहा नगरपालिकाले भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटनमा विनियोजित बजेटको क्रमशः १५.९५, ५९.८४, ८३.५७ र ३९.९५ प्रतिशत खर्च गरेको छ । भिमदत्त नगरपालिकाले विनियोजित बजेटको ७५, ४७.६७, ६९.२६ र ८७.४० प्रतिशत क्रमशः भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटनमा खर्च गरेको छ । दोधारा चाँदनी नगरपालिकाले ६०.८२, ४६.१५, ८१.२४ र ९३.६६ प्रतिशत क्रमशः भौतिक पूर्वाधार, कृषि, उद्योग र पर्यटनमा विनियोजित बजेटको खर्च गरेको छ । गोदावरी नगरपालिकाले भौतिक पूर्वाधारमा विनियोजित बजेटको ७५.३१ प्रतिशत खर्च गरेको छ भने अन्य क्षेत्रमा बजेट कार्यान्वयन अवस्थाको विवरण प्राप्त हुन सकेको छैन ।

समग्रमा हेर्दा भौतिक पूर्वाधारमा सबैभन्दा बढी गोदावरी नगरपालिकाले विनियोजित बजेटको ७५.३१ प्रतिशत खर्च गरेको छ भने सबैभन्दा कम भौतिक पूर्वाधारमा लम्कीचुहा नगरपालिकाले १५.९५ प्रतिशत खर्च गरेको छ । कृषि र उद्योग क्षेत्रमा सबैभन्दा बढी लम्कीचुहा नगरपालिकाले विनियोजित बजेटको क्रमशः ५९.८४ र ८३.५७ प्रतिशत खर्च गरेको छ । कृषिमा सबैभन्दा कम दोधारा चादनी नगरपालिकाले ४६.१५ प्रतिशत र उद्योगमा सबैभन्दा कम धनगढी उपमहानगरपालिकाले ५२.९९ प्रतिशत खर्च गरेको छ। त्यसैगरी पर्यटन क्षेत्रमा दोधरा चादनी नगरपालिकाले विनियोजित बजेटको ९३.६६ प्रतिशत खर्च गरेको छ भने सबैभन्दा कम धनगढी उपमहानगरपालिकाले ३४.९७ प्रतिशत खर्च गरेको देखिन्छ ।

तालिका ७.३ : आ.व.२०८२/८३ मा स्थानीय तहहरुको बजेट प्राथमिकताको कार्यान्वयन अवस्था (प्रतिशतमा)

स्थानीय निकाय	भौतिक पूर्वाधार	कृषि	उद्योग	पर्यटन
धनगढी उपमहानगरपालिका	४६.६१	५८.४४	५२.९९	३४.९७
गोदावरी नगरपालिका	७५.३१	-	-	-
लम्कीचुहा नगरपालिका	१५.९५	५९.८४	८३.५७	३९.९५
भिमदत्त नगरपालिका	७५.००	४७.६७	६९.२६	८७.४०
दोधारा चादनी नगरपालिका	६०.८२	४६.१५	८१.२४	९३.६६

स्रोतः सम्बन्धित स्थानीय तहहरु, सुदूरपश्चिम प्रदेश ।

परिच्छेद ८: आर्थिक परिदृष्य

सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा अवस्थित सरकारी कार्यालय, उद्योग, सहकारी, होटल लगायत तथ्याङ्क प्रदायक संस्थाहरुबाट प्राप्त तथ्याङ्क तथा स्थलगत सर्वेक्षणको क्रममा प्राप्त जानकारीको आधारमा आगामी आर्थिक वर्षमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधिमा क्रमश सुधार हुँदै जाने अनुमान रहेको छ ।

७.१ कृषि क्षेत्र

पछिल्लो समय कृषिमा व्यवसायिकरण, यान्त्रिकिकरण र आधुनिकीकरण बढेको, सिँचाइको सुविधा विस्तार हुँदै गएको, बीउ बिजन प्रशोधन तथा भण्डारण केन्द्रको उचित उपयोग, रैथाने तथा भौगोलिक पहिचान प्राप्त विशिष्ट उत्पादनहरुको प्रादेशिक लोगो सहित पहिचान, संरक्षण र ब्रान्डिङ्ग, क्लस्टरमा आधारित व्यासायिक खेती कार्यक्रम, साना सिँचाइ योजनाहरुको निर्माण तथा पुराना कुलोहरुको मर्मतसम्भार, वैदेशिक रोजगारबाट फर्केका युवाहरुको व्यवसायिक कृषि तथा तरकारी खेतीमा संलग्नता, यस प्रदेशमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम सञ्चालन आदि कारणले समग्रमा कृषि उत्पादनमा सामान्य वृद्धि हुने देखिन्छ । तथापि, सुपर एल निनो लगायत जलवायु परिवर्तनको प्रभाव, प्राकृतिक विपद् (बाढी, पहिरो, खडेरी) तथा वातावरणीय जोखिमका कारण कृषि उत्पादनमा प्रतिकूल प्रभाव पर्न सक्ने देखिन्छ । यस प्रदेशमा प्रदेश सरकारद्वारा बृहत् भेडा बाख्रा पालन कार्यक्रम, कञ्चनपुर र कैलाली जिल्ला पशुपंक्षी प्रवर्द्धन कार्यक्रम सञ्चालन, व्यावसायिक कुखुरा तथा माछापालनमा आकर्षण, पशुपालन क्षेत्रमा बीमा योजना आदिले मासु, अण्डा, माछा र ऊनको उत्पादन समग्रमा वृद्धि हुने अनुमान गरिएको छ ।

७.२ औद्योगिक क्षेत्र

बैंक तथा वित्तीय संस्थाहरुमा तरलता स्थिति सहज रही व्याजदर अनुकुल स्तरमा कायम रहेको, नेपाल सरकारद्वारा औद्योगिक वातावरण निर्माणका लागि आवश्यक नीतिहरु तर्जुमा, पूर्वाधार सम्बन्धी योजनाको निर्माणमा तिब्रता, नियमित बजार अनुगमन तथा कालाबजारी नियन्त्रण, उद्यमशीलताको विकास, विभिन्न सिप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयन लगायतका कारण प्रदेशमा रहेका उद्योगहरुको क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढ्ने अनुमान गरिएको छ । तथापि, कर्जा विस्तारमा सुस्तता र मध्यपूर्वमा जारी तनावबाट ईन्धन आपूर्तिमा हुने असहजताले समग्र औद्योगिक विकास र विस्तारमा असर पार्न सक्ने देखिन्छ ।

७.३ सेवा क्षेत्र

विप्रेषण आप्रवाहमा वृद्धि, न्यून ब्याजदर र बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाहमा सहजता लगायतका कारणले समग्र घरजग्गा कारोवारमा वृद्धि हुने अपेक्षा गरिएको छ । बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपको कारण पर्यटन क्षेत्रमा केही असार परेतापनि सरकार, पर्यटन व्यवसायी लगायत अन्य सरोकारवाला निकायको पहलकदमी, पछिल्लो समय सुदूरपश्चिमका विभिन्न धार्मिक तथा प्राकृतिक पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार, सुविधा सम्पन्न होटलको उपलब्धता, गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता लगायतका कारण भारतीय पर्यटकहरूको आगमनमा वृद्धि हुनसक्ने अनुमान रहेको छ । कैलालीको गेटास्थित शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा शैक्षिकसत्र २०८३/८४ देखि पठनपाठन सुरु हुने भएपछि प्रदेशमा अस्पताल संख्या र शैया संख्यामा वृद्धि हुने अपेक्षा गरिएको छ ।

७.४ पूर्वाधार क्षेत्र

निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनाहरु महाकाली सिँचाइ आयोजना र रानी जमरा कुलरिया सिँचाइ आयोजना जस्ता सिँचाइ आयोजनाहरुको निर्माण कार्य सम्पन्न पश्चात् यस प्रदेशका कैलाली र कञ्चनपुर जिल्लाहरुको खेतीयोग्य जमिनमा सिँचित क्षेत्रफल बढ्ने अनुमान रहेको छ। प्रदेशमा निर्माणाधिन महाकाली पुल आयोजना, दोधारा चाँदनी सुख्खा बन्दरगाह, जाल्पा देवी केबलकार तथा विभिन्न प्रदेश गौरवका आयोजनाहरुको कामले आर्थिक गतिविधि विस्तार भई यस क्षेत्रको समग्र विकासमा टेवा पुग्ने देखिन्छ।